का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १९४
❐ १३ भदौं २०७८, आइतबार
❐ 29 August 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक




## हट्यो आशंका



वैधानिकता नगुम्नेगरी १४औं महाधिवेशन १८ भदौदेखि गर्ने कार्यतालिका तय गरेको नेपाली काँग्रेसभित्र नेतृत्व हत्याउने होडबाजी शुरु भइसकेको छ । शनिबार बाँकी विवाद पनि शीर्ष नेतृत्वले टुंग्याएकाले अबको तीन महिना महाधिवेशनमय काँग्रेस देखिनेछ ।

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १२ भदौं ।

सत्तारुढ दल नेपाली काँग्रेसका निम्ति आगामी तीन महिना महाधिवेशनमय हुने भएको छ। क्रियाशील सदस्यता सम्बन्धी सम्पूर्ण विवाद हल भएपछि अब काँग्रेस नेताहरुबीच नेतृत्व हत्याउने होडबाजी देखिने भएको छ। काँग्रेस नेतृत्वका लागि वर्तमान सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द्र निधि, महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्रीहरु कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, नेताहरु शेखर कोइराला, सुजता कोइराला मैदानमा उत्रिएका छन् ।

१८ भदौंबाट काँग्रेसको नेतृत्व चयन प्रक्रिया शुरु हुँदैछ। लामो समयदेखि विवादित रहेको क्रियाशील सदस्यता विवाद लगायतमा शीर्ष नेताहरुले सहमति गरेको र केन्द्रीय मूख्यालयमा चलिरहेको अनशन पनि तोडिएको अब काँग्रेस महाधिवेशनको अन्योल हटेको छ।

महाधिवेशन कार्यतालिका, क्रियाशील सदस्यता र निर्वाचन निर्देशिकालगायत विषयमा शीर्ष नेताबीच शनिबार सहमति जुटेको हो । सभापति देउवा र वरिष्ठ पौडेलबीच छलफल भएपछि बाँकी पृष्ठ २ मा

# नबदलिएका ओली

दुई तिहाइ नजिकको बहुमत गुमाएर सत्ताच्यूत हुँदै प्रतिपक्षी दलका नेता बनेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको अभिव्यक्तिमा कुनै परिवर्तन देखिदैन । जबकी शक्तिशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र एमाले समेत विभाजित हुन पुग्दा ठूलो क्षति उनले खेप्नु परेको छ ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ भदौ ।

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अर्को दल बनाउँदा कुनै फरक नपर्ने बताएका छन् । ललितपुरको महालक्ष्मीमा आयोजित कार्यक्रम सम्बोधन गर्दै अध्यक्ष ओलीले एमाले विभाजनले केही असर नपरेको बताएका हुन् ।

"एक दुई पात पहेँलिएर खस्दैमा रुखलाई केही फरक पर्दैन । रुखमा नयाँ नयाँ पालुवा पलाउँदैछन् । नयाँ नयाँ हाँगा हाल्दैछन्", ओलीले भने । पूर्वप्रधानमन्त्री र एमालेको लामो समय नेतृत्व गरेका अध्यक्ष नेपाललाई ओलीले पँहेलिएको पातसँग तुलना गरेका हुन् ।

ओलीले केही पात खसेर रूखलाई असर नपरे जस्तै एमाले विभाजनले फरक नपर्ने बताए । उनले एमाले महासागर जस्तो पार्टी भएपनि पौडी खेल्ने खाल्डो खनिएको रुपमा नेकपा (एकीकृत समाजवादी) लाई संज्ञा दिए । "पार्टीका केही मानिसलाई मैले धेरै सम्झाउन र बुझाउन कोसिस गरेको थिएँ" अध्यक्ष ओलीले भने, "एमालेलाई ध्वस्त पार्छु भनेपछि त्यस्ता मानिसलाई सम्झाएर र बुझाएर सकिँदैन ।"

आगामी निर्वाचनमा एमालेसँग गठबन्धन नगरी कसैले पनि प्रतिश्पर्धा गर्न नसक्ने पनि ओलीले बताए । अर्थात् एमाले अध्यक्ष ओलीमा कुनै परिवर्तन आएको देखिन्न । जबकी आफ्नै अभिव्यक्ति, अडान र निर्णयकै कारण ओली संघ र प्रदेशहरुमा प्रतिपक्षी दलको नेता बन्न पुगेका छन् । ऐतिहासिक वाम एकता भत्किएको छ भने प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमाले विभाजित बनेका छन् ।

५ पुसमा प्रतिनिधिसभा विघटन, २८ फागुनमा माधव नेपाल समूहलाई भूमिका विहीन बनाउने, नवौं महाधिवेशनबाट निर्वाचित नेतृत्व विघटन र विधान संशोधन, फेरि ७ जेठमा दोस्रो पटक प्रतिनिधिसभा विघटनको कदम चालेकै कारण ओलीले संसदीय र पार्टी मोर्चामा नराम्रो धक्का बेहोरेका छन् । ३ फागुन २०७४ मा प्रधानमन्त्री निर्वाचित भइरहँदा ओली दुई तिहाइ बहुमतका प्रधानमन्त्री थिए । ३ जेठ २०७५ मा तत्कालीन एमाले र नेकपा माओवादी केन्द्र बीच एकता भएपछि शक्तिशाली पार्टीको अध्यक्ष बने ।

सात मध्ये ६ प्रदेशमा नेकपाको सरकार थियो । ६ वटै प्रदेशमा दुई तिहाइको सरकार थियो । तर गएको ५ पुस यताका कदमकै कारण ओलीसँग केही पनि बाँकी छैन । २८ असारमा ओली अदालतको फैसलासँगै पदच्यूत हुन पुगेका थिए । त्यसअघि नै गण्डकी प्रदेश सरकार बदलिएर नेपाली काँग्रेसको नेतृत्वमा गठबन्धन सरकार बनेको थियो भने कर्णाली र सुदूरपश्चिम प्रदेशमा ओली निकट नेताहरु प्रतिपक्षी बेञ्चमा पुगेका थिए । तर एमालेकै माधव नेपाल निकट नेताहरु सरकारमा थिए ।

ओली पदमुक्त भएपछि लुम्बिनीका मुख्यमन्त्री शंकर पोखरेलले पद गुमाए । उनी अध्यक्ष ओलीका विश्वास पात्र हुन् । बागमती र प्रदेश १ मा पनि ओली निकट नेताहरु मुख्यमन्त्रीबाट हटेका छन् । यी दुई प्रदेशमा पूर्वमाधवकुमार नेपाल समूहका नेताहरु भीम आचार्य र अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनेका छन् । तर ओलीको बोलीमा भने कुनै नरमपन देखिन्न । उल्टै पूर्व सहयोद्धाहरुको अपमान गर्नेगरी ओलीले अभिव्यक्ति दिइरहेका छन् ।

# कतार प्रहरी रोजगारको बाटो खुल्यो

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, १२ भदौ


नेपालीहरू वैधानिक तरिकाले कतार प्रहरीमा भर्ना हुने प्रक्रियाले छिट्टै गति लिने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गतहप्ता कतारको दोहास्थित नेपाली दूतावासलाई नेपाल र कतारबीच सन् २००५ मा भएको श्रम सम्झौताको परिधिभित्र रहेर कतार प्रहरीका लागि मागपत्र प्रमाणीकरण गर्न अनुमति दिएको छ ।

कतार प्रहरीमा कोरिया र इजरायलमा जस्तै सरकारी स्तरबाट पठाउने चर्चा यसअघि नचलेको होइन। तर सन् २००५ को नेपाल र कतारबीचको द्विपक्षीय श्रम सम्झौतामा नेपाली नागरिकलाई नेपालका निजी क्षेत्रबाट पठाउने उल्लेख छ । यसले कतार प्रहरीमा पठाउने काममा निजी क्षेत्रका म्यानपावर कम्पनीहरुले जिम्मा पाउने देखिएको छ । कुन कुन म्यानपावर कम्पनी यस प्रक्रियामा सहभागी हुने छन् भन्ने विषय स्पष्ट भई नसकेको मन्त्रालय श्रोतले मध्यान्हलाई बतायो ।

कतारले एक वर्षअघि नै करिब १० हजार नेपालीलाई कतार प्रहरीमा भर्ना गर्न चाहेको थियो । तर नेपालबाट प्रष्ट निर्देशन नजाँदा त्यो विषय अन्योलमा मात्र होउयइन नेपाललाई प्राप्त हुन लागेको बैदेशिक रोजगारीको त्यो आकर्षक अवसर नै गुम्ने हो कि भन्ने अवस्था रहेको थियो । तर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट सन् २००५ को नेपाल-कतारबीचको श्रम सम्झौताको मापदण्डभित्र रहेर मागपत्र प्रमाणीकरण गर्न अनुमति दिएपछि अहिले कतार प्रहरीमा नेपाली पठाउने विषय निर्णायक मोड लिएको हो ।

सरकारको अनुमति बिना यसअघि गत फागुनमा केही म्यानपावर कम्पनीहरुले ठूलो रकम उठाएर कामदार छनोट गर्न अन्तर्वार्ता गरेको भन्ने विषय सार्वजनिक भएपछि वैदेशिक रोजगार विभागले केही म्यानपावर कम्पनीमा छापा मारी कारबाही गरेको थियो । विभागले छनोट प्रक्रियामा कसैले रकम उठाएको भए उजुरी दिन पटक-पटक आग्रह गरेपनि उजुरी भने पर्न सकेको थिएन ।

शुरुमा कतारको आन्तरिक मन्त्रालयले दोहास्थित नेपाली दूतावासमा दुई सय जनाको मागपत्र पेश गरेको तर पछि नेपालले अलमल गरेपछि त्यो प्रक्रिया त्यत्तिकै बाँकी पृष्ठ २ मा



### वैदेशिक रोजगार विशेष

## अफगानिस्तानबाट नेपालीको उद्धार जारी

**काठमाडौं/मस-** अफगानिस्तानबाट नेपालीलाई यथाशक्य चाँडो उद्धार गरी स्वदेश फर्काउने क्रम जारी रहेको जनाउँदै सरकारले शनिबार त्यहाँबाट आठ जनालाई उद्धार गरिएको बताएको छ ।

काबुलमा उद्धार उडानको प्रतीक्षामा रहेका ३४ जनालाई थप सुरक्षित एवं व्यवस्थित स्थानमा स्थानान्तरण गरिएको तथा उनीहरूलाई स्वदेश फर्काउन सम्बन्धित निकायसँग समन्वय भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। काबुलमा रहेका सबैसँग सरकार नियमित सम्पर्कमा रहेको पनि उक्त मन्त्रालयले बताएको छ।

अफगानिस्तानमा रहेकाहरूलाई कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको अनलाइन पोर्टल तथा विभाग, परराष्ट्र मन्त्रालय, मन्त्रालयको सिचुएशन रुम र नयाँदिल्लीस्थित नेपाली दूतावासमा आफ्नो नामसहितको विवरण दर्ता गराउन पनि मन्त्रालयले अनुरोध गरेको छ ।

# पुनर्जागरणको अभियान शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ भदौं ।

गएको २३ फागुनमा सर्वोच्च अदालतको फैसलाबाट पुनर्स्थापित नेकपा माओवादी केन्द्रले पुनर्संरचना अभियान शुरु गरेको छ । केही महिना सत्ता र संसदीय गतिविधिमै केन्द्रीत भएको माओवादी केन्द्रले पार्टी र जनसंगठनहरुको पुनर्संरचना थालेको हो ।

त्यसअन्गतर्ग सवैभन्दा पहिले युवा संगठन योङ कम्युनिष्ट लीग (वाइसिएल) नेपालको राष्ट्रिय भेला सुरु गरेको छ । शनिबार शुरु भएको भेलाको माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरे । भर्चुअल माध्यमबाट भइरहेको भेलाको काठमाडौँमा भने उद्घाटन कार्यक्रमको आयोजना गरिएको थियो ।

सातै प्रदेशका प्रतिनिधि र पर्यवेक्षक सम्बन्धित प्रदेशको राजधानीमा जम्मा भई भर्चुअल माध्यमबाट भेलामा सहभागिता जनाइरहेको वाइसिएल अध्यक्ष रामप्रसाद सापकोटा दीपशिखाले बताए ।

भेलामा अबको युवा आन्दोलनको राजनीतिक कार्यदिशा, अबको सङ्गठनात्मक कार्यदिशा कस्तो हुने र कस्तो नेतृत्व प्रणाली गर्नेबारे गम्भीर बहस गर्ने बताए । भेलामा ६४७ प्रतिनिधि एवं पर्यवक्षेकको सहभागितामा रहेको आयोजकले बताएको छ ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले पार्टी पुनर्जागरण अभियान शुरु गरेको छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता भंग गर्दै गएको २३ फागुनमा माओवादी केन्द्र ब्युताउने फैसला सर्वोच्चले गरेपछि माओवादी केन्द्रले पार्टी र जनसंगठनलाई क्रियाशी बनाएको छ ।

भेला उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री एवम् पार्टी अध्यक्ष प्रचण्डले युवा समाजवादको सेना बन्नुपर्ने बताए । प्रचण्डले समाजवादी आन्दोलन सफल पार्न युवाको पहलकदमी आवश्यक रहेको बताए । समाजवादको नेतृत्व गर्नेगरी युवाले क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिए । माओवादी केन्द्रले युवालाई नेतृत्वमा ल्याउन पार्टी विधानमै सबै कमिटीमा २० प्रतिशत आरक्षणको व्यवस्था गरेको प्रचण्डले बताए ।

आफूले केही समयपछि उपयुक्त नेतृत्वलाई पार्टी नेतृत्वको जिम्मा दिई संस्मरण लेख्न चाहेको बताउँदै युवाको नेतृत्व विकास गर्न आफू लागिरहेको उनको भनाइ थियो । समाजवादी आन्दोलनको तयारीका लागि तत्कालीन नेकपा(एमाले) सँग एकता गरे पनि नेतृत्वले धोका दिएकाले एकता लामो समय टिक्न नसकेको उनको तर्क थियो ।

ठूलो मेहेनतले अहिलेको सत्तारुढ पाँच दलको गठबन्धन बनेको जिकिर गरे । "यो गठबन्धनलाई रक्षा र सुदृढ गर्नु अहिलेको आवश्यकता हो" प्रचण्डले भने, "अब सबै चुनौती सकियो भन्ने छैन, गठबन्धनलाई भत्काउने, पुरानै दिशातर्फ लैजाने प्रयास भइरहेको छ। यसतर्फ युवा सचेत हुन आवश्यक छ।"

अर्थमन्त्री एवं माओवादी केन्द्रका संगठन विभाग प्रमुख जनार्दन शर्माले बाँकी पृष्ठ २ मा

# मुसिकोटद्वारा झण्डै ८४ प्रतिशत बजेट खर्च

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, १२ भदौ

गुल्मीको मुसिकोट नगरपालिकाले झण्डै ८४ प्रतिशत वित्तीय प्रगति गरेको छ । शुक्रवार आयोजित वार्षिक समिक्षा गोष्ठीका अवसरमा प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुषालले गत आर्थिक वर्षमा नगर पालिकाले झण्डै ८३.६ प्रतिशत वित्तीय प्रगति हासिल गर्न सफल भएको जानकारी दिए ।

आर्थिक वर्ष २०७७/७८ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै भुषालले चालु तर्फ ८९.०९ र पूँजीगत तर्फ ७६.३६ प्रतिशत वित्तीय प्रगति हासिल भएको बताए । गत आर्थिक वर्षमा सञ्चालित १६२ योजनाहरुमध्ये १ सय ५६ वटा योजनाहरु कार्यान्वयन भईसकेकोमा १४६ वटा योजनाहरुको भुक्तानीको काम पनि सम्पन्न भई बाँकी ६ वटा योजनाहरु कार्यान्वयनको चरणमा रहेको जानकारी दिए । सोही कार्यक्रममा भुषालले सिमित श्रोत साधन, कर्मचारी अभाव, प्रतिभा पलायन तथा बसाईसराई लगायतका यावत समस्याका बाबजुद पनि यस अकंमा वित्तीय प्रगगि प्राप्त हुनु उत्कृष्ट कार्य भएको बताए ।

कार्यक्रममा विभिन्न शाखाका शाखा प्रमुखहरुले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । पशु सेवा शाखाका महेन्द्र पन्थीले गत आर्थिक वर्षमा कोभिड प्रभावित भएर गाउँ फर्केका युवाहरुलाई अनुदान, सहुलियत कर्जाका लागि विभिन्न बैंकहरुसँग सिफारिस, भकारो सुधार लगायतका महत्वपूर्ण कार्यक्रमसहित अन्य नियमित कार्यक्रमहरु सम्पन्न भएको र विनियोजन बजेटबाट समानीकरण तर्फ ९७.४ र सघीयं सशर्त तर्फ ९९.३३ प्रतिशत वित्तीय प्रगति भएको मध्यान्हलाई बताए ।




त्यस्तै कृषि शाखा प्रमुख जनक पौडेलले कृषि औजार र उपकरणहरुमा अनुदान, प्लाष्टिक टनेल, कफी खेती प्रवर्द्धन कार्यक्रम, अगुवा कृषक पहिचान तथा परिचयपत्र वितरण, कफी लगाऔं आम्दानी बढाऔं, एक स्थानीय तह एक उत्पादन, विभिन्न उत्पादन मुलक ठाउँको पहिचान र पकेट क्षेत्र घोषणा लगायतका कार्यक्रमहरु सम्पन्न गर्दा विनियोजित बजेट मध्ये समानिकरणतर्फ ८७ प्रतिशत र सघींय सशर्ततर्फ ६० प्रतिशत वित्तीय प्रगति भएको जानकारी दिए ।

स्वास्थ्य शाखा प्रमुख डिबी जिसीले कोभिडका कारण जनस्वास्थ्यका कार्यक्रम सञ्चालन गर्न कठिनाई भए पनि स्वास्थ्य शाखाले नियमित कार्यक्रम मार्फत सशर्ततर्फ ७०.३६ प्रतिशत र समानीकरणतर्फ ९३.२३ प्रतिशत वित्तीय प्रगति हासिल गरेको बताए । जिसीले स्वास्थ्य क्षेत्रमा कर्मचारी अभाव प्रमुख चुनौती रहेका पनि बताएका थिए ।

गोष्ठीमा नगरउपप्रमुख कमला शर्माले नगरपालिकाले पूर्वाधार विकासको क्षेत्रमा उल्लेख्य प्रगति गरेको भन्दै सबै काम स्थानीय सरकारले नै गरिदियोस् भन्ने नागरिकको भावना र दायित्वबोध नहुँदा कतिपय योजना सम्पन्न गर्न कठिनाई सिर्जना हुने गरेको गुनासो गरेकी थिइन् ।

नगरप्रमुख सोमनाथ सापकोटाले केन्द्र र प्रदेश सरकारको दाँजोमा नगरपालिकाले सन्तोषजनक वित्तीय लक्ष्य हासिल गरेको दाबी गरे । उनले गत आर्थिक वर्ष २०७७/७८ मा केही महत्वपूर्ण आयोजनाहरुको थालनी भएको बताए । नगरपालिकाको प्रशासकीय भवन निर्माणको काम, १५ बेडको मुसिकोट आधारभूत अस्पताल निर्माणको काम प्रारम्भ भएको भन्दै गत आर्थिक वर्षमा ११ वटा खानेपानी आयोजना सम्पन्न भएको र अहिले सम्म झण्डै ८० प्रतिशत घरधुरीमा एक घर एक धारा पुगेको जानकारी गराए ।

त्यस्तै विभिन्न स्थानमा ६६ वटा कोठाका विद्यालय भवन निर्माण, कफी विकास केन्द्रलाई नगरपालिकाको पहलमा २ सय रोपनी जग्गा प्राप्ति, विउ श्रोत केन्द्रको स्थापना लगायत सुरक्षित आवास कार्यक्रम र सडकहरुको स्तरवृद्धि गर्ने काम भएको उनको भनाई थियो । नगरप्रमुख सापकोटाले वर्खा र हिँउद दुवै समयमा नगरपालिकाका ९ वटै वडामा नियमित सवारी सञ्चालन हुँदै आएको र निर्वाचित भएको १ सय दिनमै उज्यालो नगरपालिका घोषणा कार्यक्रम सम्पन्न भएको जानकारी गराउँदै अबको आर्थिक वर्षमा ९ वटै वडालाई केन्द्रीय प्रशारण लाईनमा जोडिने बताए ।

उनले बेरुजुलाई अनियमितताकै रुपमा बुझ्नु गलत भएको भन्दै कतिपय कागजी प्रक्रिया नपुगेका र रुजु हुन बाँकी रहेका योजनाका कारण बेरुजु आएको र त्यसलाई रुजु गर्ने काममा नगरपालिका गम्भीर भएर लागेको जानकारी दिए । नगरप्रमुख सापकोटाले राज्यको नीति र पद्धती नै व्यवहारिक नहुँदा कतिपय काममा कठिनाई भएको भए पनि नगरपालिका समृद्धिको बाटो तर्फ उन्मुख हुँदै गएको दाबी गरे ।

गोष्ठीको अवसरमा बोल्ने वक्ताहरुले योजनाहरुको अनुगमनको काम व्यवस्थित गर्न र सञ्चालित योजनाहरु सम्पन्न गर्ने मात्रै नभई त्यसको दीगो व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाएका थिए ।

सोही अवसरमा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट नीति कार्यक्रम तथा बजेट समेटिएको पुस्तकको समेत विमोचन गरिएको थियो । कार्यक्रममा वडाध्यक्ष, कार्यपालिका सदस्य, विभिन्न विषगत समितिका पदाधिकारी, उपभोक्ता समिति, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, नगरपालिकाका कर्मचारी, पत्रकार, सुरक्षाकर्मी लगागयतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण नगरपालिकाका सूचना अधिकारी प्रकाश घिमिरेले गरेका थिए ।

# पत्रकार खड्काको पुस्तक ‘रुकुमको पत्रकारिता’ बजारमा

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १२ भदौ

पत्रकार मेगराज खड्काद्वारा लिखित ‘रुकुमको पत्रकारिता: इतिहास र समस्या’ नामक पुस्तक बजारमा आएको छ । रुकुमेली पत्रकारिताको इतिहास र जिल्लाका मिडियाहरुमा देखिएको समस्यालाई पुस्तकमा समेटिएको छ ।

जिल्लामा पत्रकरिता गरिरहेका पत्रकारका साथै सञ्चार क्षेत्रमा रुची राख्ने जोसुकै व्यक्तिहरुको लागि पुस्तक उपयोगी रहेको बताइएको छ । पुस्तकमा आमसञ्चार तथा पत्रकारिताको परिभाषा र अवधारणासहित जिल्लास्थित सञ्चालनमा रहेका पत्रपत्रिका, रेडियो, अनलाइन र टेलिभिजनसंगै सञ्चार प्रविधिको इतिहास, वर्तमान, समस्या र समाधानका उपायहरु पुस्तकमा समेटिएका छन् ।

त्यस्तै जिल्लामा पत्रकार महासंघ स्थापना, शुरुवाति रिपोर्टिङका विषयमा अग्रजहरुको अनुभव तथा पत्रकारिता विकासका क्रममा जिल्लामा भएगरेका संघर्ष र घटनाक्रमहरु पनि समेटिएका छन् । विशेषगरि आमसञ्चार अनुसन्धान तथा शैक्षिक कार्यका लागि महत्वपूर्ण सन्दर्भ सामग्रीकोरुपमा पुस्तक रहने विश्वास लिइएको छ ।

आहा सञ्चारद्वारा प्रकाशित तथा बितरित १ सय ६४ पृष्ठ रहेको सो पुस्तकको मूल्य ५०० रुपैयाँ रहेको छ । पुस्तक रुकुम पशि्चम, रुकुम पूर्व र काठमाडौंका पुस्तक पसलका साथै किताब यात्रा अनलाइन सपिङमार्फत देश तथा विदेशका जुनसुकै ठाउँमा पनि अर्डर गर्न सकिन्छ । बजारमा आए लगतै पुस्तकको माग र बिक्रि राम्रो रहेको बताइएको छ ।

आहा सञ्चार साप्ताहिक र आहा सञ्चार डटकमका प्रकाशक तथा सम्पादक रहेका खड्का जिल्लामा रहेर एक दशक लामो समयदेखि पत्रकारितामा क्रियासिल छन् । उनले आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर समेत गरेका छन् ।

## हट्यो...

क्रियाशील सदस्यताका विवाद समाधान गर्दै नामावली सार्वजनिक गर्ने, जिल्ला सभापतिका माग सम्बोधन गर्ने र महाधिवेशनको वातावरण तयार गर्ने समझदारी बनेको नेता प्रकाशमान सिंहले बताए ।

सभापति देउवासँग कुराकानी गरेपछि वरिष्ठ नेता पौडेल समूहले आज आफू निकट नेता र जिल्ला सभापतिहरुसँग कांग्रेस नेता सिंहको निवास चाक्सिबारीमा छलफल गरेको थियो । देशभरका छ हजार ७४३ वडामा एकै दिन अधिवेशन गर्ने समझदारी भएको नेता सिंहले बताए ।

उनका अनुसार जिल्ला सभापतिहरूले राखेका माग पनि सुनुवाइ गर्ने समझदारी बनेको छ । समझदाी पछि कांग्रेसका केही जिल्ला सभापतिहरूले निर्वाचन निर्देशिका संशोधन र क्रियाशील सदस्यता नामावली सार्वजनिक गर्न माग सहित बसेका रिले अनशन पनि तोडिएको छ । ८ भदौदेखि पार्टी केन्द्रीय कार्यालयमा अनशन बसेका थिए ।

कांग्रेसले बिहीबार र शुक्रबार गरी ४८ जिल्लाका क्रियाशील सदस्यताको नामावली सार्वनजनिक गर्नाका साथै अरू जिल्लाको पनि एक/दुई दिनभित्र सार्वजनिक गरिसक्ने तयारी गरेको छ । बैठकमा एक मात्र निर्वाचन क्षेत्र रहेका ३५ जिल्लामा पनि विधानअनुसार, नै हुने गरी जिल्ला सभापतिको उम्मेदवार बन्न पाइने, क्षेत्रीय प्रतिनिधि पनि महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य उठ्न पाउने विषयमा सहमति जुटेको उनलेब ताए । कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिएको छ । यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ ।

## कतार...

रहेको श्रोतले बतायो । कतारको अन्य क्षेत्रमा दुई वर्षको करार अन्तर्गत नेपाली कामदार जाने गरेका छन् । तर कतारले आफ्नो प्रहरीको सहयोगका लागि लैजान नेपालीलाई शुरुमा करारका माध्यमबाट तीन वर्षका लागि भर्ना गर्ने र पछि कार्य दक्षताका आधारमा करार अवधि बढाउन खोजेको बताइएको छ ।

कतार प्रहरी भनेपनि नेपालीले कतारको कोर पुलिस फोर्सको जिम्मेवारीमा काम नगरी सहायक फोर्समा काम गर्ने बताएइको छ । उनीहरुले हतियार बोक्नु पर्ने छैन । उचाई ५ फिट ७ इन्च र उमेर १८ देखि ३५ वर्ष समूहका नेपाली पुरुष कतार प्रहरीमा भर्ना हुन सक्ने छन् ।

आर्थिक तथा सामाजिक पाटो

नेपाल राष्ट्र बैंकले गत असार मसान्तसम्म रेमिट्यान्समार्फत ९ खर्ब ६१ अर्ब ५ करोड रुपैयाँ नेपाल भित्रिएको जनाएको छ । कतार प्रहरीमा काम गर्ने नेपालीहरुले मासिक करिब दुई लाख तलब पाउने छन् । दश हजार रोजगारीमा गए त्यसबाट नेपालमा २४ अर्बभन्दा थप बढी रेमिट्यान्स भित्रिने छ ।

कतारमा नेपालीहरु अहिलेसम्म प्राय: मजदुरका रूपमा मात्र काम गर्न गएका छन् । त्यसले नेपालीको परिचय नै ‘लेवर’मा मात्र सीमित गरेको छ । तर प्रहरीमा पनि काम शुरु गरेपछि नेपालीको छविमा सकारात्मक प्रभाव परी परिचय नै फरक पर्ने कतिपयको आंकलन छ । कतारले सन् २०३० को एशियन गेम आयोजना गर्दै छ । नेपालबाट जाने जनशक्तिले राम्रो काम गरेमा त्यसमा पनि अवसर पाउने अपेक्ष गरिएको छ ।

नेपालबाट कतारमा न्यून तलव पाउने निर्माण मजदुरहरु ठूलो संख्यामा जाने गरेका छन् । सन् २०२२ को विश्वकप फुटबलको आयोजनाको विषयमा कतारसँग दुश्मनी राख्ने पशि्चमा मुलुकका मानवअधिकारवादी सघसंस्थाहरुले अन्यसहित नेपाली कामदारमाथि चरम शोषण भएको भन्दै आलोचना गर्दै आएका छन् ।

## पुनजार्गरणको...

समाजवादको दिशा निर्माण गर्न पार्टी नेतृत्वलाई सहयोग गर्ने दायित्व वाइसिएलको काँधमा रहेको बताए ।

प्रदेश-१ का माओवादी केन्द्रका सहइञ्चार्ज सावित्रीकुमार काफ्ले, प्रदेश-२ का माओवादी केन्द्रका नेता अच्युतम काफ्ले, वागमती प्रदेश माओवादी केन्द्रका सहइञ्चार्ज नारायण दाहाल, गण्डकी प्रदेश माओवादी केन्द्रका इञ्चार्ज हितराज पाण्डे, लुम्बीनी प्रदेश माओवादी केन्द्रका इञ्चार्ज चक्रपाणि खनाल, कर्णाली प्रदेशका मुख्यमन्त्री तथा माओवादी केन्द्रका सहइञ्चार्ज महेन्द्र शाही, सुदूरपशि्चम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले भर्चुअल माध्यमबाट भेला सफलताको शुभकामना दिए ।

तरुण दलका उपाध्यक्ष उत्तम चापागाईं, नेकपा (एकीकृत समाजवादी) सम्वद्ध युवा संघका महासचिव दीपक जिएम लगायतले भेला सफलताको शुभकामना दिए ।


## INVITATION FOR BIDS

**Government of Nepal (GoN)**

**Harinagar Rural Municipality, Sunsari**

**Invitation for Bids for the construction of the following works and roads**

**Contract Identification No: As shown table below**

**Date of publication: 29th-Aug-2021**

1. Harinagar Rural Municipality invites Online Bids under e -procurement system from eligible Bidders for the *construction of the following works and roads* under National competitive Bidding-single stage two envelope and single stage single envelope Bidding procedure.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover and Minimum Work experience of similar size and nature are as mentined below:
2. Eligible Bidders may obtain further information and inspect the Bid document at the office of Harinagar Rural Municipality, Sunsari, Harinagara secondary school or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding Document is available online and can be downloaded from e-gp system www.bolpatra.gov.np/egp . Interested Bidder should deposit the cost of Bidding Document in the following specified Bank.

   **A. Name of the Bank : Agricultural Development Bank, Branch office, Harinagara**
   **B. Name of the office : Harinagar rural municipality**
   **C. Revenue Account No : 0602401311171092**

4. Interested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 12.00 Noon at **28th Sep 2021**. Bidders are required to follow the electronic Bid submission procedure as specified in e -gp system.
5. Online Bids shall be opened in the presence of Bidders representatives who chooses to attend on 14.00 PM at **28th Sep 2021** at Harinagar Rural Municipality office. Bids must be valid for a period of 120 (One Twenty) days for contract no. HRMROAD/C/NCB/02/078-079 and 90(Ninenty) days other contracts of Bid opening and must be accompanied by Bid security as specified below which shall be valid for minimum 30 days beyond the Bid validity period. The scanned copy of Bid security should be uploaded in the e-gp system during Bid submission. information to deposit Bid security amount in Bank.

   **Name of the Bank : Agricultural Development Bank, Branch office, Harinagara**
   **Dharauti khata No: 0602401311171041**

6. Pre-bid meeting shall not be held.
7. If the office happens to be closed on the date of opening of the Bids as specified, the Bids will be opened on the next working day at the same time and venue.
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Matters not covered by this Notice shall be in accordance with PPA, PPR and prevailing Laws.

| Contract No./ID | Descripson of work | Bid security Ammount (NRs.) | Bid Document fee (NRs.) | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature | Cost estimate {without VAT and contingency}(NRs.) |
|---|---|---|---|---|---|---|
| HRMROAD/C/ NCB/02/078-079 | Construction of Asphalt concrete road from from Basantapur-Narkatiya Canal-Bhutaha Bazar upto Postal highway | 26,33,000.00 (Twenty six lakh thirty three thousand) | 10,000.00 | NRs. 8,00,00,000.00 (Eight crore only.) | one project value not less than 8,00,00,000 (Eight Crore) within last three(3) years . | |
| HRMROAD/C/ NCB/01/078-079 | Construction of Asphalt concrete road from Ghuski-Dewangunj -Jatt Tole-Bikrampur connecting Sikari Tole- BaseCamp to India border | 16,10,000.00 (sixteen lakh ten thousand) | 5,000.00 | NRs. 4,70,00,000.00 (Four crore seventy lakh only.) | one project value not less than 5,01,00,000 (Five Crore one lakh) within last 3 years . | |
| HRMROAD/C/ NCB/04/078-079 | Construction of Road and Drainage work. from Harinagar Rural Municipality,from Manna's house to Ramkumar's house | 4,78,000.00 (Four lakh seventy eight thousand) | 5,000.00 | NRs. 2,78,00,000.00 (Two crore seventy Eight lakh only.) | one project value not less than 1,49,00,000.00 (One Crore fourty nine lakh) within last ten(10) years . | |
| HRMWORKS/C/ NCB/03/078- 079 | Construction of Drainage work at Ghuski Bazar Harinagar Rural Municipality | 4,07,000.00 (Four lakh seven thousand) | 3,000.00 | | | 1,37,98,716.02 (One crore thirty seven lakh ninenty eight thousand paisa zero two) |
| HRMWORKS/C/ NCB/05/078- 079 | Construction of Drainage work at Gautampur, Harinagar Rural Municipality | 90,397.00 ( Ninenty thousand three hundred and ninenty seven) | 3,000.00 | | | 31,21,381.34 (Thirty one lakh twenty one thousand three hundred paisa thirty four) |

**Chief Administrative Officer**

# असोजमा संक्रमणको तेस्रो लहर आउन सक्ने चेतावनी

## १८ सय बढी संक्रमित थपिए, २७ जनाको मृत्यु




**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ भदौ

नेपालमा थप १ हजार ८ सय ५७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। देशभर गरिएको ९ हजार ४ सय ९ पीसीआर परीक्षणका क्रममा १ हजार ५ सय १६ जना र ३ हजार ७ सय ६७ एन्टीजेन परीक्षणका क्रममा ३ सय ४१ जनामा कोरोना पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

काठमाडौं उपत्यकामा ५४९ जनालाई कोरोना संक्रमण देखिएको छ। शनिबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार काठमाडौंमा ३७०, भक्तपुरमा ६७ र ललितपुरमा ११२ जना संक्रमित थपिएका हुन्।

यस्तै, काठमाडौंमा हाल ९२७८ सक्रिय संक्रमित छन्। जसमध्ये काठमाडौंमा ५५८३, भक्तपुरमा १४४० र ललितपुरमा २२५५ सक्रिय संक्रमित छन्। योसँगै नेपालमा कोरोना संक्रमितको संख्या ८ लाख ४० हजार ८०५ पुगेको छ।

त्यस्तै कोरोनाका कारण थप २७ जनाको मृत्यु भएको छ। हालसम्म कोरोनाका कारण १० हजार ६ सय ९० जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। त्यस्तै थप दुई हजार २ सय २२ संक्रमित निको हुँदा हालसम्म ७ लाख १० हजार ४५२ संक्रमित कोरोनामुक्त भएका छन्।

हाल नेपालमा ३६ हजार ८६६ सक्रिय संक्रमित आइशोलेशनमा र ३४६ जना क्वारेन्टिनमा छन्। हालसम्म नेपालमा ३८ लाख ८६ हजार ८७८ वटा पीसीआर र ४ लाख ५८ हजार ४६१ वटा एन्टीजेन परीक्षण गरिएको मन्त्रालयले जनाएको छ।

यसैबीच स्वास्थ्य तथा जनससंख्या मन्त्रालयले अबको एक महिना अर्थात् असोज दोस्रो हप्ता संक्रमणको तेस्रो लहर आउने चेतावनी दिएको छ। तेस्रो लहर आउने वा नआउने सर्वसाधारणमा निर्भर हुने जनस्वास्थ्य विज्ञले बताएका छन्। निषेधाज्ञा खुकुलो र चाडपर्व सुरु भएसँगै आउजाउ बढेको र जनस्वास्थ्य सुरक्षा मापदण्ड लागू नगर्दा तेस्रो लहरको जोखिम बढेको बताइएको हो। अहिले जनस्वाथ्यका मापदण्ड लागू नगर्दा गत साउनदेखि उकालो लागेको कोरोनाभाइरस संक्रमणदर अहिले पनि जारी छ। मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलले तेस्रो लहर आउने वा नआउने सर्वसाधारणमा निर्भर भएको बताए। 'सर्वसाधारणले जनस्वास्थ्यका मापदण्ड लागू गरे भने तेस्रो लहर आउने सम्भावना कम हुन्छ', उनले भने, 'तेस्रो लहर नेपालमा भित्र्याउने कि नभित्र्याउने, कस्तो भेरियन्ट ल्याउने भन्ने जनताको हातमा छ।' भीडभाडमा हिँड्ने, जनस्वास्थ्यका मापदण्ड लागू नगर्ने हो भने नेपालमा पनि तेस्रो लहर नआउने भन्न नसकिने उनको भनाइ छ। उनले सरकारले मात्र संक्रमण नियन्त्रण गर्न नसकिने भन्दै सर्वसाधारणले पालना गरेको मापदण्डका आधारमा संक्रमण नियन्त्रण गर्न सकिने जानकारी दिए।

गत वर्ष निधेषाज्ञा खुला भएसँगै सर्वसाधारणले जनस्वास्थ्यमा मापदण्ड लागू नगरेकाले गत चैतमा दोस्रो सातादेखि दोस्रो लहरको संक्रमण फैलिएको थियो। दोस्रो लहरमा मुलुकमा धेरै नै मानवीय क्षति भएको थियो। अहिले नेपालमा कोरोनाको डेल्टा भेरियन्ट संक्रमण आइरहेको छ।

मन्त्रालयका प्रवक्ता डा. पौडेलका अनुसार अहिले नेपालमा समुदायस्तरमा संक्रमण फैलिरहेको छ। 'अहिले समुदायस्तरमा संक्रमण फैलिरहेको छ। यसरी फैलिनु भनेको देशको सबै भागमा संक्रमणको तेस्रो वा चौथो तह भन्ने बुझिन्छ', उनले भने, 'कुनै पनि जिल्ला वा गाउँमा संक्रमण छैन भन्ने अवस्था छैन। संक्रमण फैलिरहेको हुनाले कति सचेत भएर रोक्न सक्छौं भन्ने कुरा हो।'

# तमु समाज कतारद्वारा आर्थिक सहयोग हस्तान्तरण

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ भदौ



तमु (गुरुङ) समाज कतारले विभिन्न क्षेत्रमा आफ्ना गतिविधि तथा क्रियाकलापहरूलाई सक्रियताका साथ अगाडी बढाउँदै विभिन्न सहयोग गर्दै आइरहेको छ। पछिल्लो समय कोरोना कहरमा पनि संस्थाले आफूलाई अग्र पंक्तिमा राख्दै स्वदेशमा सहयोग रकम पठाएको हो।

समाजले पोखराको नयाँ बजारमा अवस्थित निर्माणाधीन तमु धि नेपालको भवन निर्माण तथा तमु संस्कृति झल्कने प्रवेशद्वार बनाउन आर्थिक सहयोग गरेको छ। समाज कतारका निवर्तमान सहसचिव पदम गुरुङ, महिला सदस्य माया गुरुङ, संस्थाका सदस्यद्धय भेष गुरुङ र उत्तम गुरुङको उपस्थितिमा एक कार्यक्रमकाबीच समाज कतारका तर्फबाट १ लाख १२ हजार ५ सय १२ रुपैयाँ तमु धिका केन्द्रीय अध्यक्ष हुम गुरुङलाई हस्तान्तरण गरिएको हो।

तमु धिहरुको हालको भवनलाई गुरुङ सङ्ग्रहलय बनाउने योजना रहेको कार्यक्रममा जानकारी गराइएको थियो। हस्तान्तरण कार्यक्रममा अध्यक्ष गुरुङले दोहामा रहने सबै तमु तथा गैर तमु दाजुभाइ तथा दिदि बहिनीहरुलाई सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गरेको तमु समाज कतारका अध्यक्ष खुसीमान गुरुङले मध्यान्हलाई जानकारी दिए।

अभियानमा सहभागी भई सहयोग गर्नु हुने सम्पूर्ण सहयोगी दाजुभाइ तथा दिदि बहिनीहरुलाई तमु(गुरुङ) समाज, कतारले समेत संस्थागतरुपमा धन्यवाद ज्ञापन गरेको छ।

# माओवादी केन्द्र मेलम्ची–काठमाडौं सम्पर्क समन्वय समितिको अध्यक्षमा बस्नेत

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १२ भदौ



नेकपा माओवादी केन्द्र मेलम्ची–काठमाडौं सम्पर्क समन्वय समितिको नयाँ नेतृत्व चयन भएको छ। शनिबार काठमाडौंमा सम्पन्न भेलाले लक्ष्मी बस्नेतको अध्यक्षतामा ३३ सदसीय कार्यसमिति निर्विरोध चयन गरेको हो।

एमबी थापा ईन्चार्ज र मिथीला सिग्देल आचार्य सह-ईन्चार्ज चयन भएको समितिका उपाध्यक्षहरुमा ज्ञानसिङ वाइवा, गायत्री चौलागाईं र सुजन आचार्य, सचिवमा अर्जुन श्रेष्ठ, सह-सचिवमा श्याम कुमार तामाङ र कोषध्यक्षमा प्रकाश चौलागाईं चयन भएको नेकपा माओवादी केन्द्र सिन्धुपाल्चोकका जिल्ला कमिटी सदस्य सिपी दुलालले मध्यान्हलाई जानकारी दिए।

कार्यक्रमाका प्रमुख अतिथि माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं जिल्ला सह-ईन्चार्ज माधव सापकोटा (सुबोध)ले पार्टी र सङठनलाई मजबुत बनाउन सबै लाग्नुपर्नेमा जोड दिए।

कार्यक्रममा नेता चन्द्रबहादुर थापा, बिल बहादुर रायमाझी, रोहीणी बिक, प्रेममणि भट्टराई, अमर बिकलगायत प्रदेश तथा जिल्ला तहका नेता कार्यकर्ताको सहभागी रहेको सचिव अर्जुन श्रेष्ठले बताए।

# बर्दियाको भुरीगाउँमा ६२ जनाले गरे रक्तदान




**पवन जायसवाल/मध्यान्ह**
भुरीगाउा (बर्दिया), १२ भदौ

बर्दिया जिल्लाको भुरी गाउँमा शनिबार खुला रक्तदान कार्यक्रममा 'रक्तदान जीवनदान' भन्ने मूल नाराका साथ महिला पुरुष गरी ६२ जनाले रक्तदान गरेका छन्। सो रक्तदान कार्यक्रममा व्यापारी, समाजसेवी, युवा, विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडका कर्मचारी लगायत १५ जना महिलासहित ६२ जनाले रक्तदान गरेका हुन्।

बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नं. १ को कार्यालय परिसर अगाडि विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा गरिएको उक्त रक्तदान कार्यक्रम संस्थाका अध्यक्ष चित्र बहादुर खनालले रगत संकलन गर्ने पाकेट प्राविधिक राजेन्द्र महतरालाई हस्तान्तरण गरी विधिवतरुपले उद्घाटन गरेका थिए।

सो कार्यक्रममा अध्यक्ष खनालले आफु अध्यक्ष भएको पहिलो पटक आयोजना गरिएको रक्तदान कार्यक्रममा ६२ जनाले रक्तदान गर्नु एकदमै खुशीको कुरा भएको बताए। उनले अब वर्षमा ४ पटक रक्तदान कार्यक्रमको आयोजना गरिने र आउने दिनमा यो भन्दा राम्रो तयारिका साथ अगाडि बढ्ने बताउँदै सबैको सहयोगको आवश्यक रहेको बताए। उनले सबैको सहयोगमा रक्तदाताको संख्या बढाउन सकिने उल्लेख गरे।रक्तदान कार्यक्रममा उमा मल्ल, जानुका पाण्डे, लोकनाथ शर्मा, चक्रपाणि आचार्य, धन बहादुर थारु, राम चन्द्र थारु, हेमा चौधरी, मन माया चौधरी, सुमतरानी चौधरी, प्रकाश चौधरी, राजेश बुढा, नेत्रराज आचार्य, अनिल चौधरी, दिनेश चौधरी, निर्मला खत्री, धना कुमारी खत्री, गोबिन्दराज जोशी, सुरेन्द्र धामी, डबल बिक, रमेश थारु, भिम प्रसाद ढकाल, राकेश थारु, गोपाल निरौला, प्रकाश न्यौपाने, हेमराज अधिकारी, निशान अधिकारी, जीत बहादुर श्रेष्ठ, ललिता शाही, गोमा कुमारी सुनार, पतिराम थारु, पूजा शर्मा, निर्मला चौधरी, बीर बहादुर थारु, प्रेमराज ढुंगाना, हरिराम थारु, मस्तराम थारु, दिनेश थापा, डोलराज जिएम, रञ्जित थारु, बसन्त थारु, चक्र बहादुर बडुवाल, पवन जायसवाल, श्रीराम थारु, श्रीराम चौधरी, सालिकराम थारु, जीत बहादुर परियार, शोभा थारु, हेम प्रसाद उपाध्याय, भोज बहादुर सेवा, तेज बहादुर नेपाली, बिमल कुमार खत्री, कालुराम थारु, शान्ता परियार, सिर्जना परियार, राम बहादुर दहित, प्रमोद कुमार थापा, राधिका चौधरी, निमराज खनाल, प्रमोद जोशी, श्याम चौधरी लगायतले रक्तदान गरेका थिए।

बि.सं. २०५२ सालमा स्थापित विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको केन्द्रीय कार्यालय ठाकुरबाबा नगरपालिका वडा नं. ८ मढेलामा रहेको छ भने सेवा केन्द्र ठाकुरबाबा नगरपालिका वडा नं. १ भुरीगाउँमा रहेको छ। सो सहकारीले ६३ जनालाई रोजगारीसमेत दिएको छ। सहकारीको सञ्चालक समितिका सदस्य प्रेम प्रसाद लम्सालद्वारा सञ्चालित रक्तदान कार्यक्रममा सहकारीका कार्यकारी प्रमुख कृष्ण प्रसाद शर्मा, लिलाराम खनाल, सहकारीका कर्मचारी लगायतको सहभागिता रहेको थियो।

सो रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगञ्जका सुनिल थापा मगर, महेश राना क्षेत्री, बैकुण्ठ रेग्मी, बीरेन्द्र योगी र रक्त संचार सेवा ईकाई केन्द्र कोहलपुरका प्रमुख राजेन्द्र महतरा, सुनिल रत्यौया, पवन जायसवाललगायतले प्राविधिकमा सहयोग गरेका थिए।


**QATAR मा रोजगारको अवसर** | कम्पनी: FIFTH DIMENSION ENTERPRISES WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१६२०८० L.T. No.: 235200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician General | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mechanic | 3 | 0 | | 1100 | ३६,१२५ | | | | | | | |
| 3. | Carpenter | 8 | 0 | | 1100 | ३६,१२५ | | | | | | | |
| 4. | Electric | 4 | 0 | | 1100 | ३६,१२५ | | | | | | | |
| 5. | Pipe Fitter | 3 | 0 | | 1100 | ३६,१२५ | | | | | | | |
| 6. | Plumber | 4 | 0 | | 1100 | ३६,१२५ | | | | | | | |
| 7. | Instal Electrician | 8 | 0 | | 1100 | ३६,१२५ | | | | | | | |
| 8. | Labours | 32 | 0 | | 900 | २९,५५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २० गते (05 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic. No. 1343/074/075

**AL JAZEERA OVERSEAS PVT. LTD.**
Samakhusi, Kathmandu, Nepal, Tel: 4352379, 4390605, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np



## आलिताल गाउँपालिकाको कार्यालय

आलिताल, डडेल्धुरा

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिती : २०७८/५/१३ गते**

डडेल्धुरा जिल्ला, आलिताल गाउँपालिकाद्वरा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **आलिताल गाउँपालिका**<br>आलिताल, डडेल्धुरा। फोन नं. ०९१-६९३९६२ |
| **प्रस्तावको व्यहोरा** | आलिताल गाउँपालिका क्षेत्र अन्तर्गत वडा नं. ३, ५ र ८ मा अवस्थित रंगून नदी र वडा नं. ५ र ८ अन्तर्गत पर्ने सुनखोलाको बगर क्षेत्रबाट नदिजन्य पदार्थ संकलन, उत्खनन र ढुवानी कार्यको प्रयोजनको लागि, प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनको तयारीको क्रममा, प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीको क्रममा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी जानकारी। |
| **प्रभाव पार्न सक्ने गाउँपालिका र वडा** | आलिताल गाउँपालिका क्षेत्र अन्तर्गत वडा नं. ३, ५ र ८ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न, वडा कार्यालय तथा त्यस क्षेत्रका तथा सरोकार वाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **आलिताल गाउँपालिका**<br>योजना तथा प्राविधिक शाखा<br>आलिताल, डडेल्धुरा। फोन नं. ०९१-६९३९६२ |
| **परामर्शदाताको नाम र ठेगाना** | **रीभा इनभाइरोमेन्टल एण्ड इन्जिनियरिंग सर्भिसेज**<br>कन्चनपुर सम्पर्क नम्बर: ९८४१७२७७९९, ९८१०६८११८२<br>इमेल : rivaservices@gmail.com |



## नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दल्ली जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना**

**प्रकाशित मिति :- २०७८।०५।१३**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सुचना बमोजिम नियम अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुमध्य तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | स्वीकृत ह'ने बोलपत्रदाता/फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) रु. |
|---|---|---|---|
| NM/JKT/SSB/ NCB/09/2077/078 | Sahid Smirti Bhawan Nirman | Manakamana Construction Nirman& Suppliers,Dunai-01,Dolpa | 11389589.96 |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

### बृद्ध राज !

आफूलाई लोकतन्त्रको पर्याय भनेर चिनाउने नेपाली काँग्रेसको चौधौ राष्ट्रिय महाधिवेशन आगामी मंसिरमा हुँदैछ । महाधिवेशनको प्रक्रिया भने शुरू भइसकेको छ । क्रियाशील सदस्यता नामावली प्रकाशन र निर्वाचन अधिकृत परिचालनको काम काँग्रेसले टुंग्याएको छ । अब १८ भदौंदेखि काँग्रेसको नेतृत्व चयन प्रक्रिया शुरू हुनेछ । पटकपटक सर्दै आएको महाधिवेशन यसपटक भने कानूनी हिसाबले समेत सार्न मिल्दैन । २३ भदौमा काँग्रेस महाधिवेशनको साढे पाँच वर्ष पुग्ने भएकाले त्यसअघि नै महाधिवेशनको प्रक्रिया शुरू गर्ने र त्यसको जानकारी निर्वाचन आयोगलाई दिने काँग्रेसको तयारी छ । तर काँग्रेसलाई महाधिवेशन भने लागिसकेको छ । केन्द्रीय नेतृत्व हत्याउनेगरी भएका तयारीको प्रभाव वडासम्म परिसकेको छ ।

किनभने वडा हुँदै काँग्रेसको नेतृत्व चयन प्रक्रिया शुरू हुन्छ । वडा पछि स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला प्रदेश र केन्द्रीय महाधिवेशन हुनेछ । तलबाट नेतृत्व चयन टुंगिदै अन्त्यमा आगामी चार वर्षका लागि काँग्रेसको नेतृत्व तय हुनेछ । लोकतन्त्र र निर्वाचनमा योग्यता पुगेका जोकोहीले नेतृत्वका लागि दावी गर्नेछन् । त्यो अधिकार संविधान प्रदत्त छ । तर राष्ट्रिय राजनीतिकै चिन्ता र सधैं हुने बहस भने नेतृत्वमा हुने बृद्धहरूको पकडबारे भने धेरै छलफल भएको छैन । ७६ वर्ष पुगेका सभापति शेरबहादुर देउवा फेरि दोहोरिने तयारीमा अगाडि बढेका बेला अन्य समितिमा पनि बृद्धहरूको दावी रहनु स्वभाविकै हो । सभापति देउवाले नेतृत्वमा दावी नछोड्ने भएकै कारण उनलाई साथ दिदै आएका उपसभापति विमलेन्द्र निधिले यसपटक अलग्गै उम्मेद्वारीको तयारी गरेका छन् ।

नेतृत्वमा दावी गर्ने अन्य नेताहरूको उमेर ५० माथि छन् । अर्थात् प्रौढ उमेर समूहबाटै नेतृत्व चयन हुने लगभग निश्चित छ । काँग्रेसमा मात्रै नभएर अन्य दलहरूमा पनि सहज ढंगबाट नेतृत्व हस्तान्तरणको कुनै गुञ्जायस देखिदैन । प्रतिनिधिसभाका सवैभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि फेरि अर्को कार्यकाल नेतृत्वमा रहने संकेत दिएका छन् । उनले उपयुक्त समयमा नेतृत्व हस्तान्तरण हुने घोषणा नै गरेका छन् । १४ वर्ष पछि नेतृत्व चलाएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि आगामी चुनावपछि पाँच वर्ष नेतृत्वमै रहने बताएका छन् । यसले नेतृत्वको चर्चा हुने, तर राष्ट्रिय राजनीति र मुलुकको नेतृत्वमा भने बृद्ध हावी नै रहने देखिन्छ ।

## सामाजिक सञ्जाल



१० लाख नै दिएर थामथुम पार्नु थियो भने छानबिन समिति गठन गर्न आवश्यक नै थिएन । जयसिङ धामीलाई दिएको खर्च भन्दा बढी समितिले खर्च गरेको छ । भारतीय सिपाहीको गलत कदमले नेपालीको ज्यान जादा भारतसँग गल्ती गरेको छ क्षतिपूर्ति देउसम्म भन्न नसक्ने सरकार कति लज्जास्पद ।

**- प्रकाश चामलिङ राई**



क्रिश्चियनहरूको चर्चहरू खुल्ला छन् तर, हिन्दु धर्मलाम्वीहरूको मन्दिर सबै बन्द छन् । वैशाख १६ देखि बन्द गरेका पशुपतिनाथ, गृहेश्वरी, बुढानिलकण्ठलगायत देशभरका शक्तिपिठहरू बन्द अवस्थामा छन् तर, चर्चहरू निर्वादरूप चलिरहेका छन् । के धर्म निरपेक्ष भनेको यहि हो ? यता पनि ध्यान दिने हो कि !

**- राधाकृष्ण कटुवाल**



अर्बौंको मणिपाल किनबेच हुन्छ, सरकारलाई थाहा हुँदैन । अर्बौंको जमिन ल्याबोरेटरीले हडप्छ, सरकारले सुइँको पाउँदैन ! अर्बौंको भ्याक्सिन डेट एक्पाएर हुन्छ, सरकारले पत्तो पाउँदैन ! आँखिर, सरकार पनि छ र कहाँ ?

**- निर्मल प्रसाईं**



गल्ली गल्लीमा फोहोर, टोल टोलमा फोहोर, शहरभरी फोहोर, पुल्चोक क्वाटर नै फोहोर, सांसद भवन नै फोहोर, बालुवाटार र महाराजगञ्ज नै फोहोर । तलका कार्यकर्ता फोहोर, माथिल्ला नेता भनाउँदा फोहोर, मन्त्रि फोहोर प्रधानमन्त्री फोहोर, परिवारलगायत सबै नै फोहोरानगरपालिकाले सफा गर्न सकेन अब जनता मिलेर देशकै फोहोर फाल्यौं ।

**- पुरूषोत्तम ढुंगेल**



पश्चिमा संस्कृतीको अनुशरणगर्दा हामीले आफ्नो धर्म सभ्यता संस्कृती त गुमायौं, केवल पश्चिमा बिना बाँच्न जानेनौ, केवल पैसा फेसन र यौवन मात्र देख्यौं न देश देख्यौं, पश्चिमाका रणनितीको भुमरीमा फँसी बर्बादीतिर धकेलिँदै छौं बेलैमा जागरूक भएनौ भने देशबिनाको कंगाल बन्ने छौं !

**- मोहन गुरुङ**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# एमाले, एकीकृत समाजवादी र जबज

एमाले विभाजनले पार्टीलाई मात्र हैन सिंगो देशलाई नै नकारात्मक असर गर्ने देखिन्छ । जबजलाई निर्वाचन जित्ने हतियार बनाएको एमालेले अब विभाजनपछि पनि यसैमा तछाडमछाड गरेर दुवै पक्षबाट दाबी हुने पक्का छ । बृद्धभक्ता र जबजको क्रेडिटको राजनीति अब दुवै पार्टीमा चर्को बहसमा पर्नेछ । ओली र नेपाल समूहको लडाईं अन्त्य भएको होइन सुरु भएको छ ।



● गोकर्ण बराल

नेकपा एमालेभित्र लामो समयको किचलो पछि अब भने औपचारिक विभाजन भएको छ । कोभन्दा को कम भन्ने दम्भको कारण करिब ७० प्रतिशत जनमत देशमा कम्युनिष्ट पार्टीको पक्षमा हुँदा हुँदै पनि जनमतको ठुलो हिस्सा बोकेको एमाले खरानी धस्ने बाटो तर्फ अग्रसर भैरहेको छ । पार्टी अध्यक्ष एवं पुर्वप्रधानमन्त्री केपी शर्मा ओली र वरिष्ठ नेता एवं पुर्वप्रधानमन्त्री माधवकुमार नेपालबीचको आन्तरिक टकराबका कारण एमाले पार्टी अबबाट नेकपा एमाले र नेकपा (एकीकृत समाजवादी) भएका छन् ।

पार्टी विभाजनसँगै दुवै पार्टीका आम नेता तथा कार्यकर्ताको भविश्य संकटतर्फ अघि बढिरहेको छ । विधि र पद्धतिभन्दा व्यक्तिलाई केन्द्रमा राखेर हेर्ने नेपालको कम्युनिष्ट नेताहरुको रोग उनीहरुमा पनि त्यतिकै छ । मदन भण्डारीको 'जबज'बाट स्थापित एमाले पार्टी अन्ततः विचार र सिद्धान्तबाट नै स्खलित हुन पुग्यो । कम्युनिष्ट घोषणापत्रमा लेखिएको छ, सर्वहारावर्गले आफ्नो राजनैतिक प्रभुत्वको प्रयोग गरि पुँजीपति वर्गबाट विस्तारै-विस्तारै सारा पुँजी खोस्नेछ, शासकवर्गको रुपमा संगठित सर्वहारावर्गको हातमा उत्पादनका सारा साधनलाई केन्द्रित पार्नेछ र सकेसम्म तिब्र गतिले सारा उत्पादक शक्तिहरुलाई बढाउने छ, तर एमालेले गरिब र मध्यम वर्गबाट सारा पुँजी खोसेर पुँजीपतिको दास बन्न पुग्न बाध्य पाऱ्यो भने गरिब झन् गरिब धनि झन् धनि हुने अवस्था सिर्जना हुन पुग्यो ।

नेपालमा कम्युनिष्ट पार्टीको स्थापना वि.सं. २००६ सालमा भएको थियो भने प्रथम महाधिवेशन वि.सं.२००९ ले नयाँ जनवादी क्रान्तिको लाइन पारित गरेको थियो । तर दोश्रो र तेश्रो महाधिवेशनले संशोधनवादी धार समातेपछि पार्टी त्यतिबेला नै गुट-उपगुटमा विभाजित भएको थियो । वि.सं.२०२९/३० मा वर्ग शत्रु समाप्त गर्न गुरिल्ला संघर्षको थालनी गरेको हालको एमाले सर्वहारावर्गको अधिनायकत्वको बिरोध गर्दै दक्षिणपन्थी अवसरवादमा पतन भएको छ । सत्तालाई मात्र प्रधान मान्ने एमालेको प्रवृतिले शान्ति प्रक्रियापछि जबजलाई आफ्नो सत्तामा पुग्ने भऱ्याङ मात्र बनायो । पार्टी विधान र पद्धतीभन्दा आफुलाई माथि ठान्ने नेतृत्वको प्रवृत्तिले अन्ततः एमालेलाई कमजोर र निरिह बनाउँदै विभाजनमा पुऱ्यायो ।

म्यानफ्रेड डेविडम्यानले भनेझै, प्रजातन्त्रको वास्तविक संघर्ष वामपन्थी र दक्षिणपन्थीबीच होइन, निर्णय अधिकारसहितको सहभागिताको लागि हो भन्ने भावना एमालेमा कहिले बहस हुन् सकेन र बहस नै भएन । अहिलेसम्म पार्टीको कुनै सिद्धान्त नै नभएको एमाले 'जबज' लाई आफ्नो सिद्धान्त मान्दछ । मदनको ओतमा छहारी लिँदै आत्म केन्द्रित त्रुटिपूर्ण दृष्टिकोणको भ्रमरुपी गतिविधिले नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त जबजलाई उग्रवामपन्थतासँग जोड्न खोज्जे केही एमालेका नेतृत्वको प्रवृत्ति गलत छ । सत्ता र पद बाहेक सबै भ्रम देख्ने उनीहरुको प्रवृतिका कारण देशमा राम्रो सम्भावना बोकेको र राष्ट्रको नेतृत्व गर्नसक्ने कम्युनिष्ट पार्टीको भविस्यमा धमिरा लाग्न थालिसकेको छ ।

जनताको आशाको केन्द्र बनेको नेकपा आन्तरिक शक्तिको भोकले गर्दा जलेर खरानी भैसकेको छ भने त्यो नियति माओवादीले भोगिसकेको छ र एमाले पनि अब भोग्ने तयारीमा छ । राजनीतिमा सिद्धान्तभन्दा व्यक्तिमाथि हुँदैन भन्ने प्रचलन एमालेमा ठिक उल्टो छ । सत्ताको लागि जे पनि गर्न तयार रहेको एमाले पार्टी र तिनका नेताहरुको प्रवृत्तिले गर्दा राष्ट्रको छवीसमेत धुमिल हुन पुग्यो । वाक स्वतन्त्रता र दासत्वको विरुद्ध बुलन्द आवाज उठाएको एमाले अन्ततः यसैमा फस्न पुग्यो । शेक्सपियरले, झुठो बोल्नेलाई अरुले विश्वास गर्दैनन् भन्ने होइन कि ऊ स्वयं नै कसैलाई विश्वास गर्न सक्दैन, भने झैँ एमालेले आफुले देखाएको झुठो सपनाको समुन्द्रमा आफैँ डुब्न पुग्यो । सत्तामा हुँदा जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने एक-दुई काम बाहेक अरु कुनै काम उसले गर्न सकेन । सत्ता प्राप्तिको लागि उसको संघर्ष सधैं जारी रह्यो ।

> जीवन्त र लोकतान्त्रिक पार्टीमा समस्या उत्पन्न हुनु, समस्यालाई हेर्ने दृष्टिकोणमा भिन्नता हुनु र कतिपय प्रश्नमा असहमति पैदा हुनु स्वाभाविकै मानिन्छ । तर, समस्याको विकल्प विभाजन भने हुन सक्दैन । बाइबलले भनेझैं 'नाश हुनुभन्दा पहिले व्यक्ति घमण्डी हुन् जान्छ' अहिले एमालेले चरित्रार्थ गरेको छ ।



जीवन्त र लोकतान्त्रिक पार्टीमा समस्या उत्पन्न हुनु, समस्यालाई हेर्ने दृष्टिकोणमा भिन्नता हुनु र कतिपय प्रश्नमा असहमति पैदा हुनु स्वाभाविकै मानिन्छ । तर, समस्याको विकल्प विभाजन भने हुन सक्दैन । बाइबलले भनेझैं 'नाश हुनुभन्दा पहिले व्यक्ति घमण्डी हुन् जान्छ' भन्ने भनाइलाई अहिले एमालेले चरित्रार्थ गरेको छ । देशको सबैभन्दा ठुलो पार्टी बनेको एमाले सरकारमा रहेर देश विकासको अल्पकालीन र दीर्घकालीन योजना बनाउनुपर्नेमा त्यो गर्न नसकेपछि आन्तरिक विवादमा रुमल्लिएर बसेको थियो । आन्तरिक विवाद समाधान गर्ने प्रशस्त विकल्प हुँदासम्म पनि मेरो गोरुको बाह्रै टक्का भन्ने प्रवृतिले एमाले औपचारिक विभाजन भएको छ । जबजको बखान गरेर कहिले नथाक्ने एमाले नेतृत्वले तर व्यवहारमा भने जबज कहिले मानेन ।

जनताको बहुदलीय जनवादले मानव समाजको विकासका क्रममा मानव जातिले आर्जन गरेका जीवन्त र मूल्यवान उपलब्धिहरुलाई आत्मसात् गर्दै त्यसको जगमा उभिएर मार्क्सवाद, लेनिनवादको रक्षा र विकास गर्न चाहेको छ । जबजले जनता नै शक्तिको स्रोत भएको, राज्य व्यवस्थाको सार नै जनता भएको मान्यतालाई स्वीकार गर्दछ । तर वि.सं. ०५४ मा विभाजन भएर वि.सं. ०५८ मा पुनःएकीकरण भएको एमाले अब फेरी विभाजन भएको छ । राज्यशक्तिलाई लोकतान्त्रिक ढंगले संगठित र परिचालित गर्न खोजेको जबजले समाजको परिवर्तन, विकास र अग्रगतिका लागि सामाजिक नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आत्मसाथ गर्दै शान्तिपूर्ण संघर्षमा यावत रुप र तरिकालाई प्रयोग गर्दै बलात् परिवर्तनलाई सहज बनाउन चाहेको छ । निषेधको निषेधसम्बन्धी द्वन्द्वात्मक भौतिकवादी दार्शनिक अवधारणालाई गहिराइका साथ आत्मसात् गर्दै गतिशील वस्तुको पतनशील पक्षलाई छाडेर सुस्थिर पक्षलाई अघि बढाउने सन्तुलनकारी मानयतालाई अघि सारेको छ । नेपाली समाजमा विकसित राष्ट्रवाद, मानवतावाद र जनवादलाई समाजको विशेषता र विशिष्टता अनुरुप अघि बढाउने जबजको यो विचार देश निमार्णको निम्ति सुन्दर योगदान हुनसक्थ्यो । तर एमाले महाभारतको भुमरीमा फसेको छ । जसरी हस्तिनापुरको राजा धृतराष्ट्रले पुत्र मोह त्याग गर्न नसक्दा अपराधको भागिगार बने भने सिंगो गुरुराश्त्र युद्धमा विनाश भयो । बलवान र शक्तिशाली हुनेहरु पनि नियतिको खेलमा जलेर भष्म भए । सकुनिको छलको राजनीति दुत क्रिडामा काम आए पनि युद्धमा कुनै काम आएन । हो अहिले एमालेमा यस्तै छल र बलको खेल भैरहेको छ भने तिनको नियति पनि निर्वाचनमा विभाजन भएर जाँदा यस्तै हुने छन् ।

देशको सबैभन्दा ठुलो पार्टी जनमतको उपहास गर्दै असहज परिस्थितिको सामना गर्नुपर्ने तर्फ नलागेर फुट्ने तर्फ लागेको छ । रातारात एमालेसँग माओवादीको गठबन्धन बनाएर निर्वाचनमा होमिएको संयुक्त गठबन्धन पार्टी एकतामा प्रवेश गर्दै अन्ततः अदालतको आदेशले विभाजन गरेपछि एमाले-माओवादी पूर्ववत् अवस्थामा फर्किएका थिए । विधिमा चलिरहेको एमाले माओवादीसँगको एकतामा पुग्दा अस्थिरताले भरिएको थियो । जनमतको अपमान गर्ने एमालेजनको मूल्यांकन जनताले अवश्य निर्वाचनमा गर्नेछन् । उगवामपन्थी चिन्तनले गर्दा हिंसा र अधिनायकत्वको प्रतिक जस्तो बनाइएको बामपन्थी आन्दोलनलाई लोकतान्त्रिकरण गर्दै बदलिँदो विश्व परिवेशमा विभिन्न आयामको सुक्ष्म विश्लेषण तथा शान्तिपूर्ण ढंगमा सामाजिक परिवर्तन सम्भव छ भन्ने मान्यतालाई स्थापित गरेको जबज एमालेमा अलपत्र परेको नेतृत्वकारी विचार हो । मदन भण्डारीले नेपाली जनवादी क्रान्ति र विश्व कम्युनिष्ट आन्दोलनको सन्दर्भमा जनताको बहुदलीय जनवादमार्फत १४ बुँदे विशेषतालाई वैज्ञानिक ढंगले प्रस्तुत गरेका थिए । संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुमतिय सरकार र अल्पमतको विपक्ष, राष्ट्रिय हितअनुरुपको विदेशी नीति, नेतृत्व र अधिनायकत्वलगायतका महत्वपूर्ण १४ बुँदाहरुमा परिभाषित जबज नेपाली समाजको विशिष्टतामा मार्क्सवादको सिर्जनात्मक प्रयोग हो । तर यहि जबज मान्ने मदनको पार्टी एमालेले यी १४ बुँदा कहिले व्यवहारमा मानेन ।

कानुनी रुपमा एक पार्टी नै भएपनि एमाले अनौपचारिक रुपमा भने ६ महिना अगाडी नै विभाजन भैसकेको थियो । नेकपा एमालेमा शक्तिसंघर्ष चरम बिन्दुमा पुग्दा औपचारिक रुपमा विभाजन हुन मात्र बाँकी थियो । प्रधानमन्त्रीमा माधव समूहले कांग्रेस सभापति शेरबहादुर देउवालाई समर्थन गरेको र राष्ट्रियसभाको उप-निर्वाचनमा एमाले उम्मेदवारलाई मतदान नगरेर हराएपछि पार्टी विभाजन हुनेतर्फ अघि बढेको विवाद नै एमाले विनाशको अन्तिम कारण बन्यो । करिब ४ महिना पहिले नै एमाले पुनर्मिलनको ढोका बन्द भैसकेको दुवै पक्षले निष्कर्ष निकालिसकेको थियो । एमालेभित्रको सम्भावित विभाजनबाट प्रत्यक्ष लाभ नेपाली काँग्रेस र माओवादी केन्द्रले लिनसक्छ । जनता समाजवादी पार्टी (जसपा) पनि विभाजन भएकाले चुनावी नतिजा सोंचेभन्दा निकै फरक हुन सक्ने देखिन्छ । एमाले र जसपा फुटेकाले निर्वाचनमा ओलीले सोंचेभन्दा परिणाम निकै फरक आउन सक्छ भने कांग्रेसलाई विगतमा भन्दा केही मत बृद्धि गर्ने अवसर बन्न सक्छ ।

एमाले विभाजनले पार्टीलाई मात्र हैन सिंगो देशलाई नै नकारात्मक असर गर्ने देखिन्छ । जबजलाई निर्वाचन जित्ने हतियार बनाएको एमालेले अब विभाजनपछि पनि यसैमा तछाडमछाड गरेर दुवै पक्षबाट दावी हुने पक्का छ । बृद्धभक्ता र जबजको क्रेडिटको राजनीति अब दुवै पार्टीमा चर्को बहसमा पर्नेछ । ओली र नेपाल समूहको लडाईं अन्त्य भएको होइन सुरु भएको छ ।

# प्यारालाईसिसको प्राकृतिक उपचार

नेपालमा पनि हरेक वर्ष ५० हजार व्यक्तिलाई मस्तिष्कघात हुने गरेको पाइएको छ, जसमध्ये १५ हजारको मृत्यु भएको देखिन्छ । हृदयघात पछि मृत्युको दोस्रो मूख्य कारण वनेको मष्तिस्कघात अस्पतालहरुको सघन उपचारकक्ष (आईसियु) प्रवेशको र विश्वव्यापी विकलांगताको प्रमूख कारण पनि हो ।



● डा. हेमराज कोइराला

पक्षाघात, प्यारालाईसिस, लकुवा जस्ता नामहरूले सम्बोधन गरिने यो रोग केन्द्रिय स्नायु तन्त्रको (मष्तिस्क) कार्यक्षमतामा अचानक आएको ह्रास (मष्तिस्कघात) को कारणले हुने गर्दछ । मष्तिस्कलाई रक्त आपूर्ति गर्ने धमिनीहरु फुटेर रक्तस्राव भई वा रक्तनली भित्रै खुनको थेग्ला जमेर वा टाउकामा चोट लाग्नगई वा अन्य कारणले रक्त नली थुनिएर स्नायु तन्तुहरुमा भोजनबाट प्राप्त पोषकतत्वहरु र प्राणवायु अक्सिजन आपूर्ति हुन नसक्दा स्नायु तन्तुहरु मर्न जाने समस्यालाई मष्तिस्कघात भनिन्छ । विश्व स्वस्थ्य संगठनले सन् २०११ मा सार्वजनिक गरेको तथ्यांकअनुसार विश्वभर हरेक वर्ष एक करोड़ सत्तरी लाख (१७ मिलीयन) मानिसहरू मष्तिस्कघातको चपेटामा पर्ने गरेका छन् जसमध्ये बैसट्ठी लाख अकालमै यो लोक छोड्न बाध्य छन भने बाँचेका मध्ये आधा रोगीहरू दिर्घकालीन पक्षाघात (हेमीप्लेजीया) भएर नरकीय जीवन जीउन बाध्य छन् । बाँचेकाहरू मध्ये दिर्घकालीन विकलाङ्गीहरूलाई छाडेर अरु १६ लाख चिकित्सकीय सेवापश्चात सामान्य जीवनमा फर्किएका छन् भने ३८ लाख सामान्य विकलांगताका (हेमीपेरेसिस) साथ बाँचिराहेका छन् ।

एक अनौपचारिक अध्ययनले दर्शायअनुरुप नेपालमा पनि हरेक वर्ष ५० हजार व्यक्तिलाई मस्तिष्कघात हुने गरेको पाइएको छ, जसमध्ये १५ हजारको मृत्यु हुन्छ । हृदयघात पछि मृत्युको दोस्रो मूख्य कारण वनेको मष्तिस्कघात अस्पतालहरुको सघन उपचारकक्ष (आईसियु) प्रवेशको र विश्वव्यापी विकलांगताको प्रमूख कारण पनि हो । अप्रत्यासित रुपमा अपर्झट हुने, तत्कालै ज्यान पनि जाने र बाँचिहाले पनि अधिकांश विकलाङ्ग, परनिर्भर र पराश्रीत भएर वाँच्नुपर्ने यो समस्यालाई बेलैमा चिन्न सके यसबाट हुने मृत्युलाई न्यूनीकरण गर्न र रोग लागेर नारकीय जीवन बाँची रहेकाहरुलाई सामान्य जीवनमा यथोचित पुनर्स्थापना गर्न सजिलो हुन्छ । मष्तिस्कघातपश्चात बाँच्नेहमा देखिने विकलांगता घातले मष्तिस्कलाई पुऱ्याएको क्षति, घातको क्षेत्र र प्रकृतिको आधारमा निर्धारित हुन्छ । घात हुँदा नष्ट भएका स्नायुतन्तुहरुले गर्ने कार्य सूचारु हुन नसक्दा शरीरको एका पट्टी नचल्ने (पक्षाघात) र शरीर, मन र भावनासँग सम्बन्धित समस्याहरु देखापर्दछन् ।

### कस्तालाई छ जोखिमलाई ?

५० वर्ष उमेर नाघेका, उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टेरोलका समस्य भएकाहरु, उपरोक्त रोगहरुका औषधि कहिले खाने कहिले छाड्नेहरु, अति व्यास्त जीवनशैली जीउनेहरु, तनाव, चिन्ता, शोकमा परेकाहरु, मुटु तथा रक्तसंचारसम्बन्धि समस्या जस्तै, एट्रियल-फ्रिविलेशन, अथेरोस्क्लेरोसिस, डिपभेन थम्वोसिस, एन्युरिजम, पुरानो माइग्रेन भएकाहरुमा मष्तिस्कघातको जोखिम उच्च हुन्छ । यसबाहेक रक्तस्रावसम्बन्धि समस्य जस्तै, घाउ हुँदा रगत बगेको बगेकै हुने वा नसाभित्रै रगत जम्ने रोग भएकाहरु, गर्भनिरोधक औषधि खाने महिलाहरु, परिवारमा मष्तिस्कघातको इतिहास भएकाहरु, हालसालै अथवा पुरानो मष्तिस्क संक्रमणले ग्रस्त रोगीहरुमा मष्तिस्कघात ज्यादा देखिएको छ । यसका अलावा श्रम र व्यायाम सम्मेलित नभएको निष्क्रिय जीवन जीउनेहरु, धुम्रपान र मद्यपान गर्नेहरु, मोटोपन, रेशा र चोकर नभएको मिठो खानेकुराको दीर्घकालिन सेवन, भिटामिन र एण्टी अक्सिडेन्ट नभएको खानेकुराको सेवन, आपना अडान र निर्णयहरु प्रति अडिग रहने टाइप 'ए' व्यक्तित्व भएका व्यक्तिहरु यो रोगको उच्च जोखिममा पर्दछन् ।

### मष्तिस्कघातपछिका समस्याहरु

सघन तथा आपतकालिन उपचारपश्चात पनि १५ प्रतिशत बिरामीलाई बचाउन सकिएको छैन । बाँचेका मध्ये १० प्रतिशत पूर्ण सकुशल हुन सकेका छन् भने ७५ प्रतिशतमा सामान्य, मध्यम, परनिर्भर हुनुपर्ने, निरन्तर चिकित्सा सेवा लिन पर्ने खालका विकलङ्गता देखा पर्दछ । मष्तिस्कघातले आघात पुऱ्याएको स्नायुकेन्द्रको स्थिती र ब्रेन ड्यामेजको प्रकृतिको आधारमा विभिन्न शारीरिक तथा मानसिक विकृतिहरु देखा पर्दछ, जसमध्ये प्यारालाइसिस मूख्य हो । अन्य समस्यहरुमा एकापटिका हातखुट्टा वा अनुहारमा झमझमाहट, भारीपन वा कमजोरी देखिनु, खान चपाउन, निल्न र स्वाद पाउन गाह्रो हुनु शारीरिक संवेदना थाहा पाउने नहुनु, दृष्टि धुम्मिनु वा वन्द हुनु, मुड परीवर्तन भइरहनु, स्मरणशक्ति, एकग्रता वा चेतनाको स्तरमा परीवर्तन देखिनु र भावनात्मक रुपमा कमजोर हुने जस्ता समस्य आउन सक्छ ।

### उपचार तथा पुनर्स्थापना

मष्तिस्कघात हुने बित्तिकै सर्वप्रथम आपतकालिन उपचार गराउनु पर्ने हुन्छ । आपतकालिन व्यवस्थापनपश्चात फेरी मष्तिस्कघात हुन नदिन यसका जोखिमहरुको निदान गरेर नियमित रुपमा चिकित्सकको सल्लाहअनुसार औषधी सेवन गर्नुपर्छ । घात पछि देखिएको विकलाङ्गता (पक्षाघातको) निवारण गर्न पुनर्स्थापना नितान्त जरुरी छ । सहि समयमा पुर्नस्थापना हुन सकेमा विकलाङ्ता कम गराएर परनिर्भर हुनवाट बचाई दैनिक जीवनका कठिनाइहरु हटाउँदै बिरामीलाई स्तरिय जीवन दिन सकिन्छ । पूर्नस्थापना पनि चिकित्सक, फिजियोथेरापिष्ट, नर्सिङस्टाफ, स्पीचथेरापिस्ट, मनोवैज्ञानिक, योगगुरु, घरका सदस्यहरु र सहयोगीहरुको सामूहिक प्रयास हो । पुनर्स्थापनामा केहि उपचार विधिहरु स्थिती हेरेर सघन उपचार कक्षवाटै सुरु गर्नुपर्ने पनि हुन सक्छ । आपतकालिन व्यवस्थापनपश्चात पक्षाघात भएकाहरुलाई कहिले पनि असाध्य सम्झेर घरमा थन्क्याएर राख्न हुँदैन, जतिसक्दो चाढो पुर्नस्थापना केन्द्रमा लगेर उपचार गराउनु पर्छ । केन्द्रमा चिकित्सकहरुले रोगीको सम्पूर्ण अवस्था जाँच गरी मष्तिस्कघातले ल्याएको विकलाङ्गतालाई राम्रोसँग केलाएर त्यसका निवारणका लागि थरीथरीका थेरापी र विधीहरुको प्रयोग गर्छन् । ती मध्ये निम्न विधिहरूको यथोचित प्रयोग हुन नितान्तः जरूरी छ ।

भौतिक उपचार विधिहरूलाई आधार बनाएर दिइने यो चिकित्सा पद्धतिको पक्षाघातको पुनर्स्थापनामा ठूलो भूमिका छ । यस अन्तरगत थरी-थरीका ब्यायाम तथा थरी-थरीका विद्युतिय तरंगहरू प्रवाह गराएर गरीने उपचार विधि हरू पर्दछन् । प्यासिभ एक्सरसाइज, एक्टिभ असिस्टेड, एक्टिभ रेसिस्टेड पिएनएफ एक्सरसाइज, स्ट्रेचिङ्ग, स्ट्रेन्थेनिङ्ग एक्सरसाइज, ब्यालेन्सिङ्ग एक्सरसाइज, कोअर्डीनेशन एक्सरसाइज, मशल स्ट्युमुलेशन, गेट ट्रेनिङ्गजस्ता उपचार विधिहरू यसअन्तरगत पर्दछन् ।

अकुपंचर परम्परागत चाईनीज उपचार पद्धतिको एउटा आयाम हो । शरीरका विभिन्न विन्दुहरूमा पातलो सियो राखेर विद्युतिय तरंगहरू प्रवाह गराएर वा नगरीकनै तन्तुलाई उत्तेजीत गराई उपचार गरिन्छ । पक्षाघातको पुनर्स्थापनामा एस विधिको पनि पृथक भूमिका छ । घातको साथ साथै हुने तन्तुहरूको दुखाई कम गर्न पनि यसले सहयोग गर्छ ।

तेल मालिस गर्दा शरीरका तन्तुहरूलाई प्यासिभ एक्सरसाइज हुनुका साथै रक्त प्रवाह सुचारु हुन्छ र रोगी चाडैं लाभान्वित हुनपुग्छ । तर मालिस तालिम प्राप्त व्यक्तिद्वारा नै गराईनु पर्छ । पक्षाघातको प्रकृति अनुसार मालिसको तरीका छुट्टाछुट्टै हुन्छ ।

प्राकृतिक तरीकाले, प्राकृतिक सम्पदाको उपयोग गरी गरीने जडीबुटीको लेप, वेट सिट प्याक, कन्ट्यास्ट बाथ, स्पोन्ज बाथ आदी उपचार पद्धतिहरू रोगको प्रकृति र अवश्था हेरेर दिईन्छ । यी उपचार पद्धतिहरुले छालामा रहेका स्नायु रिसेप्टरहरुलाई उत्तेजित गराएर कमजोर मांसपेशीहरुलाई मजबूत बनाउँछ ।

## अमेरिकाद्वारा आइएस लक्षित ड्रोन आक्रमण

# काबुल घटनाका योजनाकार मारिए



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानमा रहेको इस्लामीक स्टेट समूहविरुद्ध हवाई आक्रमण गरेको र उक्त आक्रमणमा इस्लामीक स्टेट खोरसान (आइएस–के) भन्ने समूहका सदस्यहरूको मृत्यु भएको अमेरिकी सेनाले बताएको छ । अमेरिकाले नानगहार प्रान्तमा गरिएको सो कारबाहीमा एउटा ड्रोनको प्रयोग गरिएको शनिबार पुष्टि गरेको छ।

यसअघि अमेरिकी सैनिकहरूले काबुल विमानस्थलमा सुरक्षा दिइरहेका समय बिहीबार विमानस्थलनजिकै १७० जनाको ज्यान लिने गरी उक्त समूहले आक्रमण गरेको थियो । काबुल विमानस्थल बाहिर उद्धारको पर्खाइमा रहेको महिला, पुरुष र बालबालिकाको भिडमा उक्त आत्मघाती विस्फोटन गराएइको थियो ।

आइएस–केले विमानस्थलमा भएको आक्रमणको जिम्मेवारी लिएको बीबीसीले बताएको छ । सो समूहले काबुल विमानस्थल बाहिर रहेको महिला, पुरुष र बालबालिकाको भिडमा आत्मघाती विस्फोटन गराएको थियो ।

यसैबीच काबुलमा रहेका अमेरिकी अधिकारीहरूले थप आक्रमणहरूलाई ध्यान दिँदै विमानस्थलको प्रमुख क्षेत्रहरूभन्दा परै बस्न नयाँ चेतावनी जारी गरेका छन् । त्यस्तै वरिष्ठ तालिबान अधिकारीहरूले उनीहरूले काबुल विमानस्थलको मुख्य भाग नियन्त्रणमा लिएको र अमेरिकीहरू जाने बित्तिकै सम्पूर्ण विमानस्थल कब्जामा लिने बताएका छन् । अमेरिकाले अन्तिम समयसम्म अफगानहरूको उद्धार जारी राख्ने र विमानस्थल अझै पनि आफ्ना फौजको नियन्त्रणमा रहेको बताइरहेको छ। अमेरिकाले नानगहारमा गरिएको ड्रोन आक्रमणबारे प्राप्त 'प्रारम्भिक सङ्केतहरूले' इस्लामीक स्टेटका सदस्य मारिएको र कुनै पनि गैरसैनिक हताहत नभएको बताएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडनले बिहीवारको आत्मघाती आक्रमणमा संलग्न जिहादीलाई अमेरिकाले नछाड्ने बताएको केही घण्टापछि उक्त कारबाही गरिएको छ । इस्लामीक स्टेट समूहको एउटा सानो सङ्गठनका रूपमा रहेको उक्त समूह अफगानिस्तानको सबैभन्दा उग्र र हिंसात्मक जिहादी लडाकू समूह हो ।

# सेप्टेम्बर हमलामा बिन लादेन संलग्न भएको प्रमाण छैन : तालिबान

**काठमाडौं/एजेन्सी–** तालिबान समूहले अल कायदा प्रमुख ओसामा बिन लादेनको सेप्टेम्बर ११, २००१ मा भएका आतङ्कवादी हमलामा संलग्न भएको 'कुनै प्रमाण नभएको' बताएको छ । अफगानिस्तानमा आफ्नो अघिल्लो शासनका क्रममा केही वर्षसम्म ओसामा बिन लादेनलाई सुरक्षित वासप्रदान गरेको तालिबान समूहले सेप्टेम्बर ११ हमलापछि लादेनलाई अमेरिकालाई हस्तान्तरण गर्न अस्वीकार गरेको थियो ।

वासिङ्टन पोस्टका अनुसार, तालिबान प्रवक्ता जाबिहुल्लाह मुजाहिदले एनबीसी समाचारलाई बुधबारको एक अन्तरवार्ता भनेका छन्, 'जब ओसामा बिन लादेन अमेरिकीहरूका लागि मुद्दा बने उनी अफगानिस्तानमा थिए ।'

लादेन सेप्टेम्बर ११ को आक्रमणमा संलग्न भएको कुनै प्रमाण नभएको दावी गर्दै उनले थपे, 'यद्यपि अहिले हामीले अफगान भूमि कसैका विरुद्ध प्रयोग हुने छैन भनेर प्रतिज्ञा गरेका छौं ।'

सन् २००१ मा बिन लादेनको योजनामा वर्ल्ड ट्रेड सेन्टरका टावर र पेन्टागनमा भएको आक्रमणपछि राष्ट्रपति जर्ज डब्लु बुसले तालिबान समूहसँग लादेनलाई हस्तान्तरण गर्न आग्रह गरेका थिए । आग्रहलाई अस्वीकार गर्दा तत्कालिन अमेरिकी राष्ट्रपति बुसले अमेरिकी हवाई हमलाको अभियान शुरु गरेका थिए । अफगान नर्दन एलायन्सको स्थल सेनासँगसँगै मिलेर इस्लामवादी शासनलाई ध्वस्त पारेको वाशिंगटन पोस्टले समाचारमा लेखेको छ ।

ओसामा बिन लादेन विश्वव्यापी आतङ्ककारी समूह अल कायदाका प्रमुख र सन् २००१ मा संयुक्त राज्य अमेरिकामा भएको सेप्टेम्बर ११ आतंककारी हमलाका प्रमुख योजनाकार रहेको मानिन्छ ।

उनी सन् २०११ मा ग्यारेसन शहर अबोटाबादमा अमेरिकी नौसैनिक सिलद्वारा परिचालन गरेको सैन्य अभियानका क्रममा मारिएका थिए । तालिबानले अफगानिस्तान आफ्नो कब्जामा लिएपछि अफगान भूमि आतङ्ककारी उत्पादन केन्द्र बन्ने चेतावनी केही सैन्यविद्हरूले बताएका छन् ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०५/१३

यस कम्पनीको मिति २०६९/०४/१७ मा सम्पन्न एक्कल शेयरधनीको विषेश बैठकको निर्णय बमोजिम साविक कम्पनी **योङजा एग्रिकल्चर एण्ड लाइफ स्टक प्रा.लि. (प्रा.लि. नं. ९१५२९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०६९/०५/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री योङजा एग्रिकल्चर एण्ड लाइफस्टक डेभलोपमेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना ।

(तेस्रो पटक प्रकाशित मिति २०७८/०५/१३)

का.म.न.पा. वडा नं. १० रजिष्ट्रर्ड कार्यालय रहेको यस कम्पनीको मिती २०७५/११/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **बिग ट्रेड कर्न्सन प्रा. लि.** (प्रा.लि. नं. २०४११८) नाम परिवर्तन गरि **बिग कोला नेपाल प्रा. लि.** बनाउने र कम्पनीको चल अचल सम्पति ऋण, धन र दायित्व परिवर्तित नामको कम्पनी ले सकार्ने व्यहोर्ने निर्णय गरि नाम परिवर्तन गर्ने स्विकृति पाउँ भनि नाम परिवर्तनको अभिलेख राख्न निवेदन गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयले नाम परिवर्तन गरि **बिग कोला नेपाल प्रा. लि.** भएको व्यहोरा सम्बधित सबैमा जानकारी गराईन्छ ।


## साउदीमा वैदेशिक रोजगार | कम्पनी: AL JAZEERA UNITY CO FOR GENERAL CONTRACTING

शहर: ABHA

पूर्व स्वीकृत मिति: २०७८/०५/११ चलानी नं.: ६०१६२०१३ LT. No.: 244057

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | All vehicles Driver | 5 | 0 | | 1800 | ५६,८४४ | | | | | | | |
| 3. | Heavy Transport Vechile Driver | 5 | 0 | | 1800 | ५६,८४४ | | | | | | | |
| 4. | Heavy Equipment Mechanic Helper | 1 | 0 | | 1500 | ४७,३७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १९ गते (5 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Miyon International Pvt. Ltd.**

श्रम इजाजत नं. १२६३/०७४/०७५

Subhidhanagar-35, Kathmandu, Nepal (50 meters ahead of Kantipur Television Building)

Tel: 5199459, Fax: 5199531, Email: miyon.international@gmail.com, Website: miyoninternational.com

## Chhatrakot Rural Municipality

### Office of the Rural Municipal Executive

Choyaga, Gulmi

### Invitation for Sealed Quotation

**Date of First Publication: 29 August, 2021**

1. The Chhatrakot Rural Municipality, Office of the Rural Municipal Executive, Choyaga, Gulmi invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Goods mentioned below.

| Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Securities (NRs.) |
|---|---|---|---|
| CRM/Gul/G/SQ-04/078-79 | Supply and Delivery of Essential Medicines and Surgical Items | 1,000.00 | 85,000.00 |

2. Bidders who choose to submit their bid electronically should submit their bid through bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office's Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Century Commercial Bank Limited, Chhatrakot Branch
   Name of Office: Chhatrakot Rural Municipality, Gulmi
   Account name: Ga-1.1- AANTARIK RAJASWA KHATA
   Account no.: 1170000013GE
   Rajaswa (revenue) Shirshak no.: 14229
3. Sealed Quotations must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 hours on 13 September, 2021**. Quotation received after this deadli ne shall not be accepted.
4. Quotations must be valid for a period of **45 days** after opening of Sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned above which shall be **valid for 30 days** beyond the validity period of the bid. If the bidder wishes to deposit Bid Security as cash should deposit at **Ga-3-DHARAUTI KHATA 1170000004GE** maintained at Century Commercial Bank Ltd., Chhatrakot Branch and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids..
5. Sealed Quotation shall be opened in the presence of Suppliers' representatives who choose to attend at **13:00 hours on 13 September, 2021** at the Chhatrakot Rural Municipality, Office of the Rural Municipal Executive, Choyaga, Gulmi.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**A. Chief Administrative Officer**

## कतारमा रोजगार | कम्पनी: DALEX TRADING ELECTRICAL MATERIALS & LIGHTING

शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/०९ चलानी नं.: ६०१६१८८५ LT. No.: 244207

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,७८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant | 1 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |
| 3. | Electrical Alarm Devices | 1 | 0 | | 1200 | ३९,०३६ | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1500 | ४८,७९५ | | | | | | | |
| 5. | Heavy Vehicle Driver | 2 | 0 | | 1900 | ६१,८०७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २० गते (5 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060

कालोपुल–३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१

E-mail : info@bluebirdoverseas.com, Web : www.bluebirdoverseas.com

## ROMANIA मा रोजगार | कम्पनी : IMPROMA S.R.L.

शहर : ROMANIA

पूर्व स्वीकृत मिति: २०७६/०९/१६ चलानी नं.: ६०१४९३९३ LT. No.: 230220 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 5 | सम्बन्धित काममा दक्ष | 500 | ५९,२२५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 5 | 0 | | 500 | ५९,२२५ | | | | | | | |
| 3. | Cook Helper | 5 | 5 | | 500 | ५९,२२५ | | | | | | | |
| 4. | Mechanic | 5 | 0 | | 500 | ५९,२२५ | | | | | | | |
| 5. | Butcher | 5 | 0 | | 500 | ५९,२२५ | | | | | | | |
| 6. | Bakery /pastery Maker | 5 | 5 | | 500 | ५९,२२५ | | | | | | | |
| 7. | Welder | 5 | 0 | | 500 | ५९,२२५ | | | | | | | |
| 8. | Cleaner/housekeeper | 5 | 5 | | 500 | ५९,२२५ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारता कम्पनीले | रोजगारता कम्पनीले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ६०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २० गते (5 September 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SCC Manpower Company Pvt. Ltd.**

Govt. Lic. No. 487/061/062

GPO Box 8975 EPC 5219, Gautam Marg- 25, Kamalpokhari, Kathmandu, Nepal

Phone: 01-4445048, 4445148, Fax: 01-4445148, E-mail: info@sccmanpower.com

## SAUDI मा रोजगार | १. कम्पनी : ANASIR AL GHIDHA FOR FOOD PRODUCTS COMPANY

शहर : AL KHOBAR

पूर्व स्वीकृत मिति: २०७८/५/११ चलानी नं.: ६०१६२०६७ LT. No.: 244592

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : OSOOL AL HAYAT TRADING CO शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७८/५/११ चलानी नं.: ६०१६२०६५ LT. No.: 244590

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : QATAR METAL FRAMING INDUSTRY शहर : DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/५/११ चलानी नं.: ६०१६२०६३ LT. No.: 244541

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी : ANASIR AL GHIDHA FOR FOOD PRODUCTS COMPANY शहर : DAMMAM

पूर्व स्वीकृत मिति: २०७८/५/११ चलानी नं.: ६०१६२०६४ LT. No.: 244591

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ भदौ २० गते (5 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न.. १ र ४ नि:शुल्क अन्य रु. १००००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर

फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com

CREATING VALUE THROUGH PEOPLE

# बक्स अफिस समाचार

चलचित्र पत्रकार संघ नेपालका उपाध्यक्षसमेत रहेका पत्रकार जीवन पराजुली हालै गठन भएको नेपाल म्युजिक भिडियो निर्देशक समाजको मिडिया सल्लाहकारमा नियुक्त भएका छन् । दशक लामो समयदेखि मनोरञ्जन पत्रकारितामा सक्रिय पराजुलीले नेपाली चलचित्रको इतिहास र विशेष व्यक्तिहरुका आरोह अवरोहलाई समेटेर लेखेको पुस्तक प्रकाशनोन्मुख छ । यिनै विषयमा पराजुलीसँग मध्यान्ह राष्ट्रिय दैनिकका सानु श्रेष्ठले गरेको कुराकानीको सारांश :

## ‘झन्डै साढे दुई वर्षदेखि किताब लेख्दैछु’

■ **जीवन पराजुली**, रंग पत्रकार



**तपाईंले चलचित्र सम्बन्धी पुस्तक लेख्नुभएको छ भन्ने समाचारहरू आइरहेका छन्, पुस्तकका बारेमा केही बताइदिनुस् न ।**

मैले नेपाली चलचित्रको थोरै इतिहासमा फर्किने र वर्तमानमा अडिने गरी पुस्तक तयार पारेको छु । अब केही हप्तामै उक्त पुस्तक बजारमा आउँदैछ । नेपाली चलचित्रलाई अहिलेको समयसम्म ल्याई पुर्‍याउन योगदान दिएका केही व्यक्तिका अनुभवलाई पुस्तकमा समेट्ने प्रयास गरेको छु । नेपाली चलचित्रको इतिहास भारतमा रहेका नेपालीभाषी फिल्मकर्मीले शुरु गरेका हुन् । नेपाली भाषाको पहिलो फिल्म ‘सत्य हरिश्चन्द्र’का निर्देशक डिबी परियार, नेपालमा बनेको पहिलो नेपाली फिल्म ‘आमा’का निर्देशक हिरासिंह खत्री र निजी क्षेत्रबाट बनेको पहिलो फिल्म ‘माइतीघर’का निर्देशक बिएस थापा भारतमै बसोबास गर्ने नेपालीभाषी थिए । अलि पछि प्रताप सुब्बा, तुलसी घिमिरे, उगेन छोपेलजस्ता भारतीय चलचित्रकर्मीले हाम्रो उद्योगलाई चम्काउने काम गरे । जो अहिलेका पुस्ताले खोज्दा भेट्टाउन मुश्किल हुन्छ, उहाँहरुसँग प्रत्यक्ष कुराकानी गरी यो पुस्तकमा ल्याउने कोशिस गरेको छु । त्यस्तै, नेपाली चलचित्र इतिहासका सबैभन्दा चर्चित तथा सर्वमान्य अभिनेता राजेश हमाललाई पनि यो पुस्तकले समेट्छ भने नेपालमा कार्यरत सम्पूर्ण महिला निर्देशकहरुको पनि बेग्लै च्याप्टर समेटिएको छ । त्यस्तै, नेपाली चलचित्रको प्रवर्द्धनका लागि खोलिएको तत्कालीन शाही नेपाल चलचित्र संस्थानको नालीबेली पनि यो पुस्तकमा पाइन्छ ।

**पुस्तक लेख्ने सोच कसरी आयो ?**

नेपाली चलचित्रको इतिहास बताउने वा चलचित्रका योद्धाहरुका बारेमा लेखिएका कुनै पनि दस्तावेज बजारमा सजिलै पाइँदैन । त्यही खडेरीको स्थिति देखेपछि नै यो पुस्तक लेख्ने सोच आएको हो । शैक्षिक रुपमा प्रयोग हुने, समाचारीय विषयवस्तुका लागि प्रयोग हुने तथा समग्र नेपाली चलचित्रको इतिहास बुझाउने दस्तावेजहरु थप गर्न सकिन्छ कि भन्ने उद्देश्यले पुस्तक तयार पारेको छु ।

**तपाईंको पुस्तकले नेपाली चलचित्र क्षेत्रमा के योगदान दिन्छ जस्तो लाग्छ ?**

अवश्य पनि केही न केही योगदान त दिन्छ नै । तर, यो एउटा सानो प्रयासमात्र हो । यसरी नै अन्य धेरै पत्रकार तथा लेखकले नेपाली चलचित्रबारे दस्तावेज लेख्दै जानुपर्छ । मेरो पुस्तकले विशेषगरी नयाँ पुस्ताका चलचित्रकर्मीहरु तथा चलचित्र प्रेमीहरुलाई धेरै जानकारी प्रदान गर्छ ।

**अहिलेका पुस्तालाई तपाईंको पुस्तक कतिको प्रेरक बन्नसक्छ ?**

अहिलेको पुस्ता इतिहासकाबारेमा त्यति जानकार देखिँदैनन् । नेपाली चलचित्रको प्रारम्भिक कालमा प्रविधिको यति धेरै विकास र उपलब्धता नभइसकेका कारण पनि हामीले खोजेका चलचित्र सम्बन्धी धेरै तथ्यांक पाउन मुश्किल छ। त्यो अभावलाई केही हदसम्म भए पनि यो पुस्तकले राहत दिनेछ भन्ने विश्वास छ ।

**पुस्तक तयार पार्न के-कस्तो मेहनत गर्नुभयो ?**

निकै मेहनत परेको छ। झन्डै साढे दुई वर्षदेखि यो पुस्तकमा काम गरिरहेको छु। विशेष गरी भारतमा रहेका नेपाली चलचित्रकर्मीसँग सम्पर्क बनाउन निकै चुनौतीपूर्ण काम रह्यो । पछिल्लो समय नेपाली चलचित्र क्षेत्रबाट टाढा बसेका अरु चलचित्रकर्मीहरु जसले नेपाली चलचित्रलाई अहिलेको स्थानसम्म ल्याइ पुर्‍याउन योगदान दिएका छन्, उहाँहरुसँग पनि अनलाइनमार्फत् संवाद गरेर लेख्न एक किसिमको झन्झटिलो नै भयो । साठी जनाभन्दा बढी चलचित्रकर्मीसँग कुराकानी गरेर त्यसलाई पुस्तकमा उतार्नु चानचुने कुरा होइन रहेछ ।



**प्रसंग बदलौं, तपाईं नेपाल म्युजिक भिडियो निर्देशक समाजको मिडिया सल्लाहकारमा नियुक्त हुनुभएको छ, तपाईंको भूमिका के रहन्छ ?**

नेपालमा म्युजिक भिडियो निर्माणको इतिहास ३० वर्ष भन्दा लामो भएता पनि यस क्षेत्रमा काम गर्ने निर्देशकहरु भर्खरै मात्र संगठित भएका हुन् । नेपाल म्युजिक भिडियो निर्देशक समाज नामक यस संस्थाले स्थापनाकालमै मलाई मिडिया सल्लाहकारको जिम्मेवारी सुम्पेको छ । यो मेरो लागि एउटा सुनौलो अवसर हो । संस्थालाई विभिन्न मिडियामार्फत् पाठक, दर्शक तथा स्रोतामाझ चिनाउनु मेरो प्रमुख कर्तव्य हो । संस्थाका गतिविधिहरुको धेरैभन्दा धेरै प्रवर्द्धन गरिदिनु पनि मेरो काम हुनेछ । साथै मिडियामा म्युजिक भिडियो, यसका कलाकार र प्राविधिकहरुको पकड बढाउँदै लैजाने योजना मैले लिएको छु ।

**नेपाली म्युजिक भिडियोको प्रवर्द्धनमा मिडियाको भूमिकालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

नेपाली मिडियामा मनोरञ्जन क्षेत्रका गतिविधिमध्ये फिल्म सम्बन्धी समाचारले बढी स्थान पाइरहेको देखिन्छ। म्युजिक भिडियो हरेक दिन दर्जनको हाराहारीमा रिलिज भइरहेका हुन्छन् । युट्युबमा मनग्गे मात्रामा हेरिएका भिडियो, सोसियल नेटवर्कमा ट्रेन्ड बनेका

> अहिलेको पुस्ता इतिहासकाबारेमा त्यति जानकार देखिँदैनन् । नेपाली चलचित्रको प्रारम्भिक कालमा प्रविधिको यति धेरै विकास र उपलब्धता नभइसकेका कारण पनि हामीले खोजेका चलचित्र सम्बन्धी धेरै तथ्यांक पाउन मुश्किल छ । त्यो अभावलाई केही हदसम्म भए पनि यो पुस्तकले राहत दिनेछ भन्ने विश्वास छ ।

भिडियो र स्टारहरुले मोडलिङ गरेका भिडियोहरुका बारेमा समाचार बनाउने चलन छ । म्युजिक भिडियो चल्नका लागि सबैभन्दा पहिले गीत राम्रो हुनुपर्छ, त्यसपछि भिडियोको निर्माण परिपक्व हुनुपर्छ । यीमध्ये कुनै पनि पक्ष बलियो भएमा मिडियाले म्युजिक भिडियोको प्रवर्द्धन कार्यमा सहयोग नै गर्छ । मिडियाले साथ दिएमा भिडियोप्रति दर्शकको चासो अवश्य बढ्छ । मिडियाको सहयोगमा भिडियो सुपरहिट भएका केही उदाहरण पनि छन् ।

**लामो समयदेखि चलचित्र/मनोरञ्जन पत्रकारितामा आवद्ध हुनुहुन्छ, तपाईंलाई चाहिँ म्युजिक भिडियो, फिल्म निर्माण वा निर्देशनमा रूची जागेन ?**

मनोरञ्जन पत्रकारिता गर्ने क्रममा चलचित्र र गीत संगीत क्षेत्रमा राम्रैसँग भिज्ने मौका मिल्यो । कलाकारहरुसँग राम्रो सम्बन्ध बनेको छ । म धेरै काम गर्नुपर्छ भन्दा पनि मैले गरिरहेको काम उत्कृष्ट गर्नुपर्छ भन्ने मेरो मान्यता हो । मैले धेरै काममा हात हाल्दा सबैमा सफल नहुन सक्ने खतरा रहन्छ। त्यसैले निर्माण वा निर्देशन विधामा काम गर्ने आँट ममा पलाएको छैन । फिल्म वा म्युजिक भिडियोको क्षेत्रबारे भएको ज्ञानले मलाई पत्रकारितामा र विभिन्न फिल्म फेस्टिभलहरु तथा फिल्म अवार्डहरुमा निर्णायकको भूमिकामा रहन सहज बनाइदिएको छ ।

**नेपालमा म्युजिक भिडियोको विकास क्रमलाई कसरी नियाल्नुभएको छ ?**

अहिलेसम्मको तथ्यांकको आधारमा हेर्ने हो भने नेपालमा पहिलोपटक रेकर्डिङ स्टुडियो बाहिर निस्केर छायांकन गरिएको पहिलो म्युजिक भिडियो भुवन केसीको गायन र अभिनय रहेको ‘मायालु तिमी टाढा’ हो । विसं २०४३ तिर बनेको उक्त भिडियोलाई संगीतकार शम्भुजित बास्कोटाले निर्देशन गरेका थिए । बीचमा पप गीतको क्रेज बढेपछि ती गीतहरुको भिडियो बनाउने क्रम बढ्यो ।

नेपाली म्युजिक भिडियोले अहिले निकै फड्को मारिसकेको छ । अहिले म्युजिक भिडियोको छायांकनमा बिग बजेटका फिल्म खिच्ने क्यामेराकै प्रयोग हुन थालेको छ। त्यस्तै फिल्मका निर्देशक, कलाकार तथा प्राविधिक नै भिडियोमा सक्रिय हुन थालेका छन् । कोभिड-१९ को महामारीका कारण चलचित्र क्षेत्र पूर्ण रुपमा बन्द भएको अवस्थामा म्युजिक भिडियोले नै सयौँ कलाकार तथा प्राविधिकलाई धेरथोर रोजगारी दिइरहेको छ ।

## ‘सम्झिनी पानी छम्किनी’ नाममा फिल्म बन्ने



**काठमाडौं/मस-** चर्चित गीत ‘सम्झिनी पानी छम्किनी’को नाममा फिल्म बन्ने भएको छ । यस गीतका गायक सम्राट चौलागाईं आफैंले यो नाममा फिल्म बनाउन लागेका हुन् । पछिल्लो समय दर्शकले रुचाएको गीतको नाम सापटी लिएर फिल्म बनाउने होड नेपाली फिल्म क्षेत्रमा निकै चलेको छ । ‘सम्हालिन्छ कहिले मन, म यस्तो गीत गाउँछु, रातो टिका निधारमा, मेरो एउटा साथी छ, काले दाई, कसले चोर्‍यो मेरो मन’ लगायतका चर्चित गीतको नाममाथि फिल्म बनेका छन् । हिट गीतको नाममा फिल्म बनाउँदा लगानी उठाउन सजिलो हुने विश्वास निर्माता/निर्देशकमा छ ।

फिल्म ‘सम्झिनी पानी छम्किनी’लाई म्यूजिक भिडियोका कोरियोग्राफर विक्रम स्वाँरले निर्देशन गर्ने भएका छन् । गत महिना सार्वजनिक भएको मल्टीस्टारर ‘सम्झिनी पानी छम्किनी’ को तीज भर्सनलाई उनले नै निर्देशन गरेका थिए ।

फिल्मको विषयमा गायक चौलागाँइले भने- ‘दर्शकले यो गीतलाई निकै मन पराउनुभयो । ‘सम्झिनी पानी छम्किनी’ भन्ने लय दर्शकको मुखमा झुन्डिएको छ । यसैले, अब यही नाममा फिल्म बनाउने तयारी गरेका हौं । अहिले फिल्मको स्क्रिप्ट लेख्ने काम सुरु भएको छ ।’ यो गीतको शब्द सम्राट स्वयंको हो । कोरोना महामारी सामान्य भएपछि फिल्मको छायांकन शुरु हुने उनले बताए ।

गायक चौलागाईंका अनुसार, फिल्मलाई कमेडी जनरामा निर्माण गरिनेछ । म्यूजिक भिडियो मेकिङमा कुनै सम्झौता नगर्ने उनले फिल्ममा मल्टीस्टारर कलाकारलाई लिने बताएका छन् । केही कलाकारसँग फिल्मको विषयमा छलफल भइरहेको र कोरोना कहर कम भएर सरकारले छायांकन अनुमति दिएपछि फिल्मको पोस्ट प्रोडक्सनको कामलाई अझै तिव्रता दिइने उनले बताए ।

# आर्सनलविरुद्ध सिटीको फराकिलो जित

**काठमाडौं, एजेन्सी**-इंग्लिस प्रिमियर लिग फुटबलमा म्यानचेस्टर सिटी विजयी भएको छ। शनिबार भएको खेलमा सिटीले आर्सनलमाथि ५-० गोल अन्तरको जित दर्ता गरेको हो। सिटीको जारी सिजनमा दोस्रो जित पनि हो।

दोस्रो जित निकाल्दै सिटी प्रिमियर लिग तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। वेस्टह्यामले पनि ६ अंक नै जोडे पनि गोल अन्तरका आधारमा दोस्रो स्थानमा रहेको छ। म्यानचेस्टरलाई घरेलु मैदानमा आर्सनलमाथि फराकिलो जित दर्ता गर्ने क्रममा फेरान टोरेसले २ गोल गर्दा गुन्डोगन, ग्याब्रियल जेसस र रोड्रिले एक एक गोल गरेका थिए। सातौं मिनेटमा गुन्डोगनले ग्याब्रियल जेससको पासमा गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाएका थिए।



फेरान टोरेसले १२ औं मिनेटमा टिमका लागि दोस्रो र व्यक्तिगत पहिलो गोल गरेका थिए। आर्सनल ३५ औं मिनेटमा १० खेलाडीमा सिमित भयो। उसका ग्रनिट जाका खराब ट्याक्कलका कारण रातो कार्ड पाउँदै मैदान छाडेका थिए। त्यसपछि १० खेलाडीमा समेटिएको आर्सनलले लय समाउन असफल भएको थियो।

४३ औं मिनेटमा ज्याक ग्रिलिसको पासमा जेससले गोल गर्दा सिटीले पहिलो हाफमा ३-० को अग्रता लिएको थियो। पहिलो हाफमा ३ गोल गरेको सिटीले दोस्रो हाफमा अरु २ गोल थपेको थियो। आर्सनल सिटीसँग सन् २०१५ देखि लगातार पराजय भोग्दै आएको छ। शनिबार उसले सिटीसँग १२ औं पराजय भोगेको हो।

शुरुदेखि नै आक्राम खेल खेलेको सिटीले ५३ औं मिनेटमा रोड्रिको गोलमा अग्रता ४-० बनाएको थियो। ८४ औं मिनेटमा मेहरेजको पासमा टोरेसले व्यक्तिगत दोस्रो गोल गर्दा सिटी ५-० गोल अन्तरले विजयी भयो। आर्सनलको जारी सिजनमा लगातार तेस्रो हार हो।

# इंग्ल्याण्डसँग भारतको लज्जास्पद हार

**काठमाडौं, एजेन्सी**-इंग्ल्यान्डले तेस्रो टेस्टमा भारतलाई एक इनिङ र ७६ रनले पराजित गरेको छ। यससँगै इंग्ल्यान्डले ५ खेलको टेस्ट सिरिज १-१ को बराबरीमा ल्याएको छ। पहिलो खेल बराबरीमा सकिँदा भारत दोस्रो खेलमा १ सय ५१ रनको फराकिलो अन्तरले विजयी भएको थियो।

तेस्रो टेस्टको पहिलो पारिमा भारत मात्र ७८ रनमा समेटिएको थियो। पहिलो पारिमा इंग्ल्यान्डले उत्कृष्ट ब्याटिङ गर्दै ४ सय ३२ रन जोडेको थियो। कप्तान जो रुटको शतकमा इंग्ल्यान्ड तेस्रो दिन विहानी सत्रमा अलआउट भएको थियो। भारतले तेस्रो दिन संयमित ब्याटिङ गरेपनि चौथो दिन भने अघिल्लो दिनको लय टिकाउन असफल रह्यो।

पहिलो पारिमा ३५४ रनले पछि परेको भारतले दोर्स्रो पारिमा सोही स्कोर पनि बराबरी गर्न नसक्दा एक इनिङ र ७६ रनको हार भोग्न पुग्यो।



भारतका लागि दोस्रो पारिमा भारतका चेतेश्वर पुजाराले सर्वाधिक ९१ रन बनाउँदा रोहित शर्माले ५९ रनको योगदान गरेका थिए। यसैगरी विराट कोहलीले ५५ रन जोड्दा रविन्द्र जडेजाको ब्याटबाट ३० रन बनेको थियो। भारतलाई रोक्ने क्रममा इंग्ल्याण्डका ओले रविन्सनले सर्वाधिक ५ विकेट लिँदा केरिग ओभरटनले तीन विकेट लिए। जेम्स एन्डरसन र मोइन अलिको नाममा एक एक विकेट रह्यो।

# ला लिगामा भ्यालेन्सिया र मालोर्का अपराजित



**काठमाडौं, एजेन्सी**- भ्यालेन्सिया र मालोर्काले स्पेनिस ला लिगामा अपराजित यात्रा कायम राखेका छन्। घरेलु मैदान मेस्टाला स्टेडियममा शुक्रबार भएको खेलमा भ्यालेन्सियाले डिर्पोटिभो अलाभेसलाई ३-० गोलले हरायो। अर्को खेलमा मालोर्काले स्पान्योललाई १-० गोलले स्तब्ध बनायो।

जितसँगै भ्यालेन्सिया तालिकाको शीर्षस्थानमा उक्लिएको छ। तीन खेलमा अपराजित भ्यालेन्सियाले सात अंक बनाएको छ। समान सात अंक बनाएको मालोर्का दोस्रो स्थानमा उक्लिएको छ। मालोर्का गोल अन्तरका आधारमा पछाडि छ। भ्यालेन्सियासँग पराजित अलाभेस अंक बिहिन बन्दै तालिकाको अन्तिममा छ। दुई अंक बनाएको स्पान्योल १५ औं स्थानमा छ।

एकपक्षीय खेलमा भ्यालेन्सियालाई जिताउन ड्यानियल वास, कार्लोस सोलेर र गोन्कालो गुइडेसले गोल गरे। पहिलो हाफमा दुई गोल गरेको भ्यालेन्सियाका लागि ड्यानियलले तेस्रो मिनेटमै खाता खोले। उनले डेनिस चेरिसेभको पासमा गोल गरेका थिए। पहिलो हाफको इन्जुरी समयमा कार्लोस सोलेरले गोन्कालो गुइडेसको पासमा गोल गर्दै घरेलु टोलीको अग्रता दोब्बर बनाए।

६०औं मिनेटमा गोन्कालो गुइडेसले म्याक्सिमिलियानो गोमेजको पासमा गोल गर्दै भ्यालेन्सियालाई सहज जित दिलाए। भ्यालेन्सियाले ५२ प्रतिशत बल पोसेसनमा राखेको थियो। यता ४८ प्रतिशत बल पोसेसनमा राखेको अलाभेसले गोल फर्काउन सकेन।

भ्यालेन्सियाका मिडफिल्डर कार्लोस सोलेर 'म्यान अफ दी म्याच' भए। घरेलु मैदानमा खेलिएको अर्को प्रतिस्पर्धात्मक खेलमा मालोर्कालाई जिताउन डानियल रोड्रिग्वेज नायक बने। डानियलले २७औं मिनेटमा स्पान्योलका डिफेन्सको कमजोरीमा गोल गरेका थिए।

यता खेलको अन्तिममा १० खेलाडीमा समेटिएको स्पान्योल हार खेप्न बाध्य बन्यो। इन्जुरी समयमा सर्गी गोमेज सोभै रातो कार्ड पाउँदै बाहिरिएका थिए। मालोर्काका जापानी विङगर टेकफुसा कुबो 'म्यान अफ दी म्याच' भए।


## साउदीमा रोजगार | कम्पनी: SAEED FARIS MUBARAK AL DOSSARY FACTORY FOR INDUSTRY
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०५/११ चलानी नं.: ६०१६२०७८ LT. No.: 244561

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २० गते (05 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241



## कतारमा रोजगार | १. कम्पनी : Bahadir Construction Engineering Contracting & Trading Company
शहर: Doha

पूर्व स्वीकृत मितिः २०७७/०९/२७ चलानी नं.: ६०१५४११८ LT. No.: 235706 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Qatar Factory Fire Fighting Equipment And Safety Systems Naffco शहर: Doha
पूर्व स्वीकृत मितिः २०७८/०४/२६ चलानी नं.: ६०१६२००८ LT. No.: 243477

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 2 | 10 | सम्बन्धित काममा दक्ष | 2500 | ८२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 15 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |

३. कम्पनी : Tedeschia Construction Enterprises शहर: Qatar
पूर्व स्वीकृत मितिः २०७७/११/११ चलानी नं.: ६०१५४७३५ LT. No.: 236326 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २० गते (05 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. २ को नि:शुल्क अन्यको रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
सुकेधारा-४, काठमाडौं, (साविकः रातोपुल), नेपाल, फोन नं.: ०१-५९०२३४६
९८५१०८७८२४, ९८५१०८७७५९, ९८४१४४१९९६, पो. ब. नं.: १९१२२
श्रम इजाजत नं. १०७८/०७३/०७४
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com



## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Alien Group Pvt. Ltd. (श्रम इजाजत पत्र नं. १३५४/०७४/०७५) मा विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०७८/०५/१० गतेदेखि यस प्रा.लि.बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ। यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन।

| क्र.स. | नाम | ना.प्र.प.नं | ठेगाना |
|---|---|---|---|
| १. | शेर बहादुर विश्वकर्मा | २४०४-६९२ | दमेक-०४, बाग्लुङ्ग |
| २. | राम चन्द्र पौडेल | ४१५४१ | चकतिर्थ-०७, लम्जुङ्ग |

**Alien Group Pvt. Ltd**
Samakhusi-26, Kathmandu, Nepal | Tel: 4358866, 4384366 | Email: info@aliengroups.com



## अल कर्निस ओभरसिज प्रा. लि. को अत्यन्त जरुरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **यस अल कर्निस ओभरसिज प्रा. लि. (श्रम इजाजत पत्र नं. ८४३/०६६/०६७)** को नाममा केही अनाधिकृत व्यक्तिहरुले भिजिट भिषामा दुबई र टर्की मुलुकमा वैदेशिक रोजगारमा पठाईदिन्छु डिमाण्ड छ भन्दै राहदानी र रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ। यस प्रा.लि. सँग प्रालिले वैदेशिक रोजगार ऐन विपरीत कुनै पनि मुलुकमा भिजिट भिषामा नपठाउँने र हालसम्म यस प्रालिमा टर्की मुलुकको कुनै पनि डिमाण्ड नआएको जानकारी गराउँदछौ। यस प्रा.लि.को कहिं कतै शाखा र सम्पर्क कार्यालय नभएको र कोही एजेण्ट समेत नभएको पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं। यस प्रा.लिको नाममा कुनै अनिधिकृत व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। यस प्रा.लि.को आर्थिक कारोबार यसै प्रा.लिको लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**All CORNICE OVERSEAS SERVICE (P) LTD.**
इजाजत पत्र नं. ८४३/०६६/०६७
Tokha Road-10, Samakhusi, Kathmandu, Nepal, Tel. +977-1-4950802
Email: allcornice99@gmail.com, info@allcorniceoverseas.com, Web: www.allcorniceoverseas.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७८/०५/१३ गते**

यस कम्पनीको मिति २०७७/१२/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **जेनेसिस लज एण्ड एग्रो सेन्टर प्रा.लि. (प्रा.लि. दर्ता नं.५६९४६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०१/१० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जेनेसिस एग्रो सेन्टर एण्ड लज प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७८/०५/१३

यस कम्पनीको मिति २०७८/०४/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक **जि.एण्ड बि. इन्टरप्राईजेज प्रा.लि.न. ६९१८३)** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालय निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरि बि.एण्ड एल **इन्टरप्राईजेज प्रा.लि. नं. ६९१८३** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मितिः-२०७८-०५-१३**

उदयपुरगढी गाउँपालिकाको आ.व.०७८/७९ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/ कम्पनिहरुलाई विधुतीय खरिद प्रक्रिया मार्फत सहभागी हुन जानकारीको लागि यो शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम खरिद दस्तुर रकम रु. | दरभाउपत्र बुझाउने अन्तिम मिति | दरभाउपत्र खुल्ने मिति |
|---|---|---|---|---|---|---|
| १. | URM/NCB/ Goods/01/2078-079 | Procurement for Purchase and Supplies of Concentric Cables | ३५,०००/- | १,०००/- | २०७८-०५-२८ समयः-१२:०० | २०७८-०५-२८ समयः-१३:०० |
| २. | URM/NCB/ Goods/02/2078-079 | Purchasing and supplying of 6 Amp. MCB DP | ४०,०००/- | १,०००/- | २०७८-०५-२८ समयः-१२:०० | २०७८-०५-२८ समयः-१३:०० |

**नोटः** दरभाउपत्र सम्बन्धी सम्पूर्ण जानकारीको लागि सार्बजनिक खरिद अनुगमन कार्यालय तथा यस गाउँपालिकाको website मा हेर्नहुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**



## मर्यादपुर माध्यमिक विद्यालय

कोटहीमाइ गा.पा.-३, मर्यादपुर रुपन्देही

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**सूचना नं. ०१/०७८/०७९**
**प्रथम पटक सूचना प्रकाशित मिति- २०७७/०९/०७**
**दोस्रो पटक सूचना प्रकाशित मिति- २०७७/११/१४**
**तेस्रो पटक सूचना प्रकाशित मिति- २०७८/०५/१३**

यस विद्यालयको वि.व्या.स.को बैठक तथा शि.वि.स.ई., रुपन्देहीको मिति २०७६।०९।०४ को च.नं. १०३३ को विज्ञापन अनुमती पत्रानुसार यस विद्यालयको रिक्त रहेका तपसिल बमोजिमका तह तथा पदमा शिक्षक पदपूर्तिका लागि दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/०७८/०७९ | राहत शिक्षक | नि.मा.वि. अङ्ग्रेजी | १ (एक) | सम्बन्धित विषयमा आइ.एड. वा सो सरह |
| २ | ०२/०७८/०७९ | राहत शिक्षक | प्रा.वि. | १ (एक) | सम्वन्धित विषयमा आइ.एड. वा सो सरह |

**परीक्षाको किसिम :-** लिखित र अन्तर्वार्ता
- **दरखास्त दस्तुर** :- नि.मा.वि.को रु.१,५००।- र प्रा.वि. तहको रु.१,०००।-
- **दरखास्त फाराम पाइने तथा दरखास्त दस्तुर बुझाउने स्थान** :- श्री मर्यादपुर माध्यमिक विद्यालय, कोटहीमाई गा.पा.-३, मर्यादपुर रुपन्देही
- **दरखास्त दिने अन्तिम मिति** :- २०७८/०५/१८ गते कार्यालय समय भित्र।
- **उम्मेदवारको उमेरको हद** :- २०७८/०५/१८ गते सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **तलब भत्ता :- नेपाल सरकारको** नियमानुसार।
- **सम्पर्क मिति :-** २०७८।०५।१९
- **आवश्यक कागजात : अध्यायपन अनुमती पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु**, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, निरोगिताको प्रमाणपत्रको सक्कल २/२ थान।
- **परीक्षा मिति र परीक्षा केन्द्र** :- सम्पर्क मितिका दिन जानकारी गराइने छ।

**पुनश्च : शिक्षक सेवा आयोगबाट प्रकाशित गरिएको करार सूचिबाट दरखास्त दिन आएमा प्रक्रिया अनुसार नियुक्ति दिइने छ।**

यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ। थप जानकारीको लागि फोन नं. ९८१७५४९९३०, ९७६७१६६९६३ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**प्रधानध्यापक**



## KUWAIT मा रोजगार | कम्पनी: TECHNOLOGY INDUSTRIAL GASES PRODUCTION COMPANY (KSCC)
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७६/११/२२ चलानी नं.: ६०१५३०११ LT. No.: 233926 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver GCC | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५८,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 6 | 0 | | 90 | ३५,१५८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २० गते (05 September 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**कास्की ओभरसिज प्रा. लि.**
KASKI OVERSEAS Pvt.Ltd
Govt. Lic. No. 1091/073/074
सिनामंगल-९, काठमाडौं, नेपाल, फोनः ०१-४४८७७३३, ४४८७७४४,
Email: kaski.overseas@gmail.com



## विदेश छाडेर व्यावसायिक भेंडापालन

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका जगत पुन भेंडा चराउन लैजाँदै । आठ वर्ष लामो कतारको रोजगारलाई त्यागेर पुनले गाउँमै भेंडापालन गर्नुभएको हो । तस्बिर : कमल खत्री/रासस

### पेट्रोलियम भण्डारण क्षमता बढाउन जग्गाको खोजी

# पेट्रोलियम पदार्थको माग वार्षिक २० प्रतिशतले बढ्दै

**हिमेश बि.क/मध्यान्ह**
धनगढी, १२ भदौ

सुदूरपश्चिम प्रदेशभित्र पेट्रोलियम पदार्थको माग वर्षेनी बढ्दै गएको पाइएको छ । सवारी साधनको बढ्दो चाप, पेट्रोलियम पदार्थबाट चल्ने कृषि यन्त्र, ढुवानीका अन्य साधन र मेसिनरी औजारलगायतको खपत बढेसँगै हरेक वर्ष २० प्रतिशतले पेट्रोलियम पदार्थको मागमा वृद्धि हुने गरेको नेपाल आयल निगम प्रादेशिक कार्यालय धनगढीले बताएको छ । पेट्रोलिय पदार्थ भण्डारण गृह क्षमता अभावका कारण विभिन्न समयमा प्रदेशभित्र पेट्रोलियम पदार्थको अभाव हुने गरेको छ ।



प्रादेशिक कार्यालय धनगढीमा अहिले १ हजार ५९० किलोलिटर डिजेल र ७० किलोलिटर पेट्रोल क्षमताको भण्डार गृह मात्र भएकाले डिजेल बढिमा तीन दिन र पेट्रोल आधा दिनका लागि मात्र माग धान्न सकिने अवस्था छ, प्रादेशिक कार्यालय धनगढीका प्रमुख रामकुमार न्यौपानेले भने । अन्य प्रदेशको तुलनामा पेट्रोलियम पदार्थको खपत सुदूरपश्चिममा सवैभन्दा कम देखिए पनि यहाँ वार्षिक २० प्रतिशतले मागमा वृद्धि भइरहेको उनले बताए ।

एक विघा क्षेत्रफलमा आयल निगमको कार्यालय र पेट्रोलियम पदार्थ भण्डार गृह रहेकाले जमीन अभावका कारण भण्डारण र ट्याङ्कर पार्किङमा ठूलो समस्या देखा पर्दै आएको छ । पेट्रोलियम पदार्थ ढुवानीका लागि हाल ८५ ओटा ट्याङ्कर प्रयोगमा रहेपनि ट्याङ्क पार्किङ्ग स्थान अभावका कारण सडकमै पार्किङ्ग गर्नुपरेको कार्यालयको गुनासो छ । भण्डार क्षमता तत्तकालै बढाउनुपर्ने देखिएको बताउँदै कार्यालय प्रमुख न्यौपानेले ९० दिनलाई पुग्ने पेट्रोलियम पदार्थ भण्डारण र ट्याङ्कर पार्किङ्गका लागि ३० विघा आवश्यक देखिएको जानकारी दिए ।

तीन महीनाका लागि इन्धन भण्डार गर्न सकिने गरी ३० बिघा क्षेत्रफलमा भण्डार केन्द्र निर्माणका लागि गोदावरी नगरपालिका-८ स्याउलेमा रहेको शिवशक्ती सामुदायिक वन उपयुक्त हुने भन्दै सो-क्षेत्रको अनुगमन गरिएको छ । यसको आवश्यक प्रक्रियाका लागि तात्कालिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट नेतृत्वको टोलीले सो- वन क्षेत्रको स्थलगत अनुगमन गरेको थियो ।

अनुगमन टोलीमा आयल निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेल, स्थानीय तहका जनप्रतिनिधि, सामुदायिक वनका पदाधिकारी र आयल निगमका कर्मचारीहरूको सहभागिता थियो । हाल आयल निगमसँग पेट्रोलियम पदार्थ भण्डारका लागि न्यून मात्रामा क्षमता छ । गोदावरीको स्याउलेमा भण्डार केन्द्र सञ्चालनमा आए ९० दिनसम्म भण्डारण गर्न सकिने बताइएको छ ।

भण्डारण क्षमता बढाउन चालू आर्थिक वर्षदेखि नै काम शुरु गरिने आयल निगमले बताएको छ । पेट्रोलियम पदार्थको आयात र खपत वर्षेनी बढ्दै गएपनि भण्डारण क्षमता नहुँदा बेलाबेलामा पेट्रोलिय पदार्थको अभाव हुने गरेको छ ।

भण्डारण क्षेत्र बढाउनका लागि निगमले योजना बनाएपनि जग्गा प्राप्त नहुँदा समस्या देखिएको नेपाल आयल निगम सुदूरपश्चिम प्रादेशिक कार्यालय धनगढीले बताएको छ । दैनिक खपत हुने पेट्रोलको तुलनामा भण्डारण क्षमता झन्डै १० हजार लिटर कम छ । आयल निगम सुदूरपश्चिम प्रादेशिक कार्यालय धनगढीमा स्थापनाकालमै निर्माण गरिएको पेट्रोल भण्डारण ट्यांकी ७० हजार लिटर क्षमताको छ । पछिल्लो एक वर्षयता दैनिक पेट्रोलको माग ८० हजार लिटर रहेको छ ।

प्रादेशिक कार्यालयको भण्डार क्षमता कम भएकै कारण भारतबाट आउने ट्यांकरलाई सोझै वितरक संस्थामा पठाउने गरिएको छ । एक दिनमात्र पेट्रोल आयात नभए वितरणमै समस्या हुने गरेको छ । भण्डारण क्षमता मात्र होइन भारतबाट पेट्रोलियम पदार्थ ओसार्ने ट्यांकरको समेत अभाव छ ।

हाल प्रदेशका नौ ओटै जिल्लाभित्र सञ्चालित ८५ पेट्रोल पम्पसम्म ८५ ओटा ट्यांकरले पेट्रोलियम पदार्थ ढुवानी गर्दै आएका छन् । पेट्रोलियम पदार्थ ढुवानीका लागि थप २० ओटा ट्यांकर आवश्यक देखिएको निगम प्रमुख न्यौपानेले भने ।

### उद्योग मन्त्रालयलाई महासंघको सुझाव

# निर्यातको वृद्धिलाई थप सुधार गरौं

**सागर तिमल्सिना/मध्यान्ह**
भदौ ११, काठमाडौं ।

नेपाल उद्योग वाणिज्य महासंघले निर्यात बढाउने गरि नीति बनाउन उद्योग मन्त्रालयलाई सुझाब दिएको छ । नेपालको निर्यात प्रबर्द्धनमा तत्काल गर्नुपर्ने पहलसम्बन्धमा सुझाब पेश गर्दै महासंघले निर्यात वृद्धिलाई सुधार गर्दै जाने र स्थायित्व दिन पहल गर्नुपर्ने सुझाव दिएको हो ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा नेपालको निर्यात व्यापारमा ११५ प्रतिशतले बृद्धि देखिएको छ । साउन महिनामा मात्र नेपालले २० अर्ब ७६ करोड ५१ लाख रुपैयाँ बराबरको वस्तु तथा सेवा निर्यात गरेको छ । निर्यात व्यापारमा देखिएको यो बृद्धिलाई कायम राख्नका लागि भन्दै महासंघले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सुझाव पेश गरेको हो ।



महासंघले नेपालबाट निर्यात हुने वस्तुहरूको थप पहिचान एवं प्रवर्द्धन गर्नुपर्ने र अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाको स्थापना गर्नुपर्ने सुझाव दिएको छ । यसका साथै, साना मझौला उद्योगहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न गाह्रो भइरहेकाले निर्यात प्रवर्द्धनका लागि निर्यात प्रोत्साहन कम्तिमा १० प्रतिशत हुनपर्ने बताइएको छ । यस्तै, सामूहिक ट्रेडमार्क, तेस्रो मुलुक निर्यात गर्नेलाई थप प्रोत्साहनको व्यवस्था गरी फरक फरक वस्तुको लागि नगद अनुदान रकम छुट्याइनु पर्ने सुझाव आज महासंघले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई दिएको छ । त्यसैगरी, नगद अनुदान प्राप्तिको प्रक्रिया झन्झटिलो भएकाले सरलरूपमा निकासी भएको विन्दुबाट ७ दिनभित्र सम्वन्धित उद्योग व्यवसायको बैंक खातामा अनलाइन भुक्तानीको व्यवस्था गरिनु पर्ने महासंघको जोड छ ।

त्यसैगरी, निर्यातमा पुनर्कर्जाको हालको व्यवस्था अव्यवहारिक भएकाले निर्यातको प्रत्येक अर्डरका लागि पुनरकर्जाको व्यवस्था हुनुपर्ने र त्यस्तो कर्जाको समयावधि न्युनतम तीन वर्षको लागि गरिनुपर्ने, ढुवानी लागत बढी भएकोले नेपालले आफ्नै कन्टेनरको व्यवस्था गर्नुपर्ने समेत महासंघले बताएको छ । यसैगरी, नेपालमा सामान लिएर आउने कन्टेनरहरूको भाडा नेपाली आयातकर्ताले अगाडि नै तिरीसकेको हुँदा फर्किदा खाली भएर फर्किने भएकाले नेपालबाट निर्यात गर्ने सामानको ढुवानी भाडामा पचास प्रतिशत छुटको व्यवस्था गर्दा निर्यात वृद्धि हुने महासंघको निष्कर्ष छ ।


## Kerabari Rural municipality
### Office of the Rural Municipal Executive
Kerabari Morang
Province No. 1, Nepal

## Invitation for Bids for the drain construction Work

Date of publication: 2078/05/13

1. The Kerabari Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction Work Mention below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kerabari Rural Municipality, Kerabari Morang, **Email:kerabariruralmun@gmail.com** Tel:021403110 or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be purchased by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Nrs 3,000 till 11th Asoj 2078** during office hours. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: NIC Asia Bank.Name of Office: Kerabari Rural Municipality**
   **Office Account no.: 0562056501423002 (for Bid Document Fee)**
   **Office Account no.:0562056501423008 (for Bid Security for Cash Deposit )**
4. Pre-bid meeting shall be held at Office Of the Kerabari Rural municipality at 12:00 PM 1st Asoj 2078 BS
5. Electronic bids must be submitted to the office of Kerabari Rural Municipality through PPMO website **www.bolpatra.gov.np/egp** on or **before 12:00PM on 12th Asoj 2078 BS**. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 PM 12th Asoj 2078 BS** at the office of Kerabari Rural Municipality. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum mention below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Work Description | Estimated Amount Including VAT(NRs) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 1 | KRMC/MOR/W/ NCB-02(078/79) | Bazar Area Drain Construction(North-South) Kerabari RM Ward-8 & 10 | 1,61,29,135.19 | 4,80,000 |

**Chief Administrative Officer**



मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

मध्यान्ह
राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919



के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।

हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**